# शान्ति र सुधारका लागि
# राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम
# प्रतिवेदन

**(Proceedings of National Level Public Dialogue Forum for Peace and Reform)**

**१२ पुस २०६३**

**काठमाडौं**


**लेखन तथा सम्पादन**

**भरतमणि शर्मा**

**बाबुराम पौडेल**

**बलराम बास्कोटा**



**शान्ति र सुधारका लागि सार्वजनिक छलफलका विषयहरूको पहिचान एवं संसदीय क्षेत्र सुदृढीकरण परियोजना**

जनहित संरक्षण मञ्च (प्रो पब्लिक)

अनामनगर, काठमाडौं



**प्रकाशक** : जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
काठमाडौं, नेपाल



**सर्वाधिकार ©** : जनहित संरक्षण मञ्च (प्रो पब्लिक) मा सुरक्षित
यस प्रतिवेदनमा प्रयुक्त सामग्रीहरू शैक्षिक प्रयोजनका निमित्त साभार प्रो पब्लिक उल्लेख गरी अनुमतिबिना पनि पूर्ण वा आंशिक रूपमा पुन: प्रकाशित गर्न सकिनेछ । प्रो पब्लिक यस्तो प्रकाशनको एकप्रति जानकारीका लागि उपलब्ध हुने अपेक्षा राख्दछ ।



**लेखन तथा सम्पादन** : भरतमणि शर्मा
बाबुराम पौडेल
बलराम बास्कोटा



**पाइने स्थान** : जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
पो.ब.नं. १४३०७
काठमाडौं, नेपाल
E-mail: propublic@wlink.com.np



प्रस्तुत शान्ति र सुधारका लागि राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम प्रतिवेदन द एसिया फाउन्डेसनको आर्थिक सहयोगमा तयार पारिएको हो । यसमा प्रकाशित सामग्रीहरूले जनहित संरक्षण मञ्च (प्रो पब्लिक) र द एसिया फाउन्डेसनको आधिकारिक दृष्टिकोण प्रतिबिम्बित गरेको मानिने छैन ।

ISBN No : 978-99933-850-2-8

**आवरण तथा सज्जा** : कृष्णप्रसाद सुवेदी

**मुद्रक** : मोडर्न प्रिन्टिङ्ग प्रेस, जमल, काठमाडौं, नेपाल

# प्राक्कथन

नेपाली जनताको बलिदानीपूर्ण जनआन्दोलन, २०६३ को सफलतापछि मुलुकमा लोकतन्त्रको स्थापना भएको छ । साथै देशमा शान्ति स्थापनाका लागि निर्माण हुँदै गएको शुभसङ्केतका रूपमा सशस्त्र द्वन्द्वमा उत्रिएको नेकपा माओवादी पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट लोकतान्त्रिक व्यवस्थामा समाहित हुने प्रतिबद्धता लिएर राजनीतिको मूलधारमा आउने क्रममा छ ।

लोकतन्त्रको संस्थागत विकासका साथै देशमा दिगो शान्ति स्थापनाका लागि ५६ जिल्लाका १०० संसदीय क्षेत्रमा शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि जनताका एजेन्डा तयार गर्न प्रो पब्लिकले विगत एक वर्षदेखि विकेन्द्रीकृत सार्वजनिक संवादको थालनी गरेको थियो । यसमा समावेशी अवधारणाअनुसार छनोट गरिएका राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गरेका विभिन्न क्षेत्रका नागरिकहरूको सहभागिता रहेको थियो । विभिन्न संसदीय क्षेत्रमा सञ्चालन गरिएका सार्वजनिक संवादबाट प्राप्त शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका एजेन्डालाई विश्लेषण गरी क्षेत्रीय एजेन्डा (मस्यौदा) तयार गरेर गत मङ्सिरमा पाँचै विकास क्षेत्रमा नागरिक समाज, सरकारी पदाधिकारी एवं पत्रकारमाझ सार्वजनिक गरेर उहाँहरूबाट प्राप्त सुझावसमेत समावेश गरी क्षेत्रीय एजेन्डा तयार गरिएका थिए ।

यसरी पाँचै विकास क्षेत्रबाट प्राप्त एजेन्डालाई पुन: विश्लेषण गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा (मस्यौदा) तयार गरी २०६३ पुस १२ गते सम्बन्धित क्षेत्रका सांसद, सरोकारवाला उच्चपदस्थ सराकारी पदाधिकारी, मानवअधिकारवादी, नागरिक समाजका प्रतिनिधि एवं पत्रकारहरूका माझ राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रममार्फत सार्वजनिक गरी प्राप्त सुझावलाई समावेश गरेर शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा तय गरिएको हो । नागरिकहरूले जनसरोकार र राष्ट्रिय महत्त्व ठहऱ्याई राष्ट्रिय एजेन्डाको रूपमा प्रस्तुत भएका यी एजेन्डाप्रति समयमै सम्बोधन हुन सकेमा लोकतन्त्रको स्थायित्व, शान्ति र सुधारको अभियानमा योगदान पुग्ने विश्वास गरिएको छ ।

यो प्रतिवेदन उक्त राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रमको उपज हो । यो **राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रमको प्रतिवेदन** शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि योगदान दिन इच्छुक राजनैतिक दल, संस्था एवं नागरिकहरूका लागि सहयोगी होस् भन्ने हेतुले तयार गरिएको हो ।

**शान्ति र सुधारका लागि सार्वजनिक छलफलका विषयहरूको पहिचान एवं संसदीय क्षेत्र सुदृढीकरण परियोजना**लाई सहयोग गर्ने संस्था द एसिया फाउन्डेसनलाई मञ्च कृतज्ञता ज्ञापन गर्दछ । साथै उक्त संस्थाका कार्यक्रम विकास परामर्शदाता डा. सागर प्रसाईंले प्रदान गर्नुभएको सुझाव र सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछु ।

विभिन्न संसदीय क्षेत्रमा सार्वजनिक संवाद सञ्चालन गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि एजेन्डा तयार गर्न सहयोग गरेकामा असल शासन क्लब तथा असल शासन क्लब जिल्ला समन्वय समितिहरू र विभिन्न क्षेत्रबाट यस कार्यक्रममा भाग लिनुभई आफ्ना महत्त्वपूर्ण सुझाव प्रदान गर्नुहुने सहभागीहरूप्रति प्रो पब्लिकका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

सार्वजनिक संवादलाई जनस्तरसम्म प्रभावकारी रूपमा क्रियाशिल गराउन, उपयुक्त ढाँचा, सोंच र संयन्त्र विकास गर्न सहयोग गर्ने प्रो पब्लिकका श्री प्रकाशमणि शर्मा, कार्यकारी निर्देशक तथा श्री केदार खडका, असल शासन कार्यक्रम निर्देशकलाई आभार व्यक्त गर्दछु ।

अन्तमा, यो प्रतिवेदन तयार गर्नका लागि अथक प्रयास गर्नुहुने भरतमणि शर्मा, बाबुराम पौडेल र बलराम बास्कोटा तथा भाषासम्पादक यदु पोखेललाई धन्यवाद दिन चाहन्छु ।

डा. श्रीकृष्ण श्रेष्ठ

अध्यक्ष, प्रो पब्लिक



# विषयसूची

प्राक्कथन

सारांश

Summary

| | |
|---|---|
| १. परिचय | १ |
| १.१ आसन ग्रहण | २ |
| १.२ स्वागत मन्तव्य | २ |
| १.३ कार्यक्रमको समुद्घाटन | ३ |
| १.४ परियोजना र कार्यक्रमको उद्देश्यबारे जानकारी | ३ |
| १.५ राष्ट्रिय एजेन्डा (मस्यौदा) प्रस्तुतीकरण | ४ |
| १.६ प्रमुख अतिथिको मन्तव्य | ४ |
| २. राष्ट्रिय एजेन्डा (मस्यौदा) प्रस्तुतीकरणमाथि खुला छलफल | ५ |
| ३. शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा | १५ |
| ३.१ राजनीतिक एजेन्डा | १६ |
| ३.२ सामाजिक एजेन्डा | १७ |
| ३.३ आर्थिक एजेन्डा | १८ |
| ३.४ भौगोलिक एजेन्डा | २० |
| ४. धन्यवाद मन्तव्य | २० |

***अनुसूचीहरू –***

*अनुसूची १: परियोजना र कार्यक्रमको उद्देश्य*

*अनुसूची २: राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम तालिका*

*अनुसूची ३: शान्ति र सुधारका लागि राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रमका सहभागीहरूको नामावली*

*अनुसूची ४: क्षेत्रीयस्तरको सार्वजनिक संवाद कार्यक्रम तालिका*

*अनुसूची ५: शान्ति र सुधारका लागि क्षेत्रीय एजेन्डा*

*अनुसूची ६: संसदीय क्षेत्रस्तरको सार्वजनिक संवाद कार्यक्रमबाट प्राप्त एजेन्डा*

*अनुसूची ७ : राष्ट्रिय तथा क्षेत्रीयस्तरका सार्वजनिक संवाद कार्यक्रमका केही झलक*

# सारांश

नेपाली जनताको बलिदानीपूर्ण जनआन्दोलन, २०६३ को सफलतापछि मुलुकमा लोकतन्त्रको स्थापना भएको छ । साथै सशस्त्र द्वन्द्वमा उत्रिएको नेकपा माओवादी पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट लोकतान्त्रिक व्यवस्थामा समाहित हुने प्रतिबद्धता लिएर राजनीतिको मूलधारमा आउने क्रममा छ । यसलाई देशमा शान्ति स्थापनाका लागि निर्माण हुँदै गएको शुभसङ्केतका रूपमा लिन सकिन्छ ।

जनआन्दोलनबाट प्राप्त लोकतन्त्रको स्थायित्व र संस्थागत विकासका साथै दिगो शान्ति स्थापना गरी देशलाई अग्रगामी दिशातर्फ डोऱ्याउनुपर्ने जिम्मेवारी हामी सबैको काँधमा आएको छ । यसै सन्दर्भमा अधिकारमुखी सवालहरूसँग जोडिएका मर्मलाई उजागर गरी राष्ट्रिय मूलधारमा ल्याउनका लागि हामी सबैको सशक्त प्रतिबद्धताको खाँचो छ ।

लोकतन्त्रको स्थायित्व र संस्थागत विकासका साथै देशमा दिगो शान्ति स्थापनाका लागि विभिन्न संसदीय क्षेत्रमा '**विषय केन्द्रित संवादहरू**' सञ्चालन गरेर शान्ति र सुधारका एजेन्डा तयार गर्न प्रो पब्लिकले विगत एक वर्षदेखि विकेन्द्रीकृत सार्वजनिक संवादको थालनी गरेको थियो । यसका लागि ५६ जिल्लाका १०० संसदीय क्षेत्रमा प्रो पब्लिकसँग स्वत:स्फूर्त रूपमा आबद्धमध्येबाट छनोट गरिएका १०० वटा असल शासन क्लब तथा असल शासन क्लब जिल्ला समन्वय समितिहरूलाई संलग्न गराइएको थियो । सार्वजनिक संवाद विशुद्ध शान्ति र सकारात्मक परिवर्तनका लागि सञ्चालन गरिएको थियो । जसमा ७८० महिला तथा २,९५५ पुरुषसमेत गरी ३,७३५ जना विभिन्न क्षेत्रका नागरिकहरूको सहभागिता रहेको थियो । सार्वजनिक संवादका लागि सहभागीहरूको छनोट गर्दा समावेशी अवधारणा अनुशरण गरिएको थियो ।

यसरी ५६ जिल्लाका १०० वटा संसदीय क्षेत्रमा सार्वजनिक संवाद कार्यक्रममा गरिएको छलफलबाट प्राप्त शान्ति र सुधारका एजेन्डालाई विश्लेषण गरी ती एजेन्डालाई क्षेत्रीय एजेन्डा (मस्यौदा) तयार गरेर गत मङ्सिरमा पाँचै विकास क्षेत्र (विराटनगर, हेटौंडा, पोखरा, नेपालगन्ज र धनगढी) मा नागरिक समाज, सरकारी पदाधिकारी एवं पत्रकारमाझ सार्वजनिक गरिएको थियो । उक्त क्षेत्रीयस्तरको सार्वजनिक संवादबाट प्राप्त सुझावलाई समेत समावेश गरी शान्ति र सुधारका क्षेत्रीय एजेन्डालाई अन्तिम रूप दिइएको थियो ।

साथै क्षेत्रीयस्तरबाट प्राप्त उक्त एजेन्डालाई पुन: विश्लेषण गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा (मस्यौदा) तयार गरिएको थियो । उक्त राष्ट्रिय एजेन्डालाई २०६३ पुस १२ गते सभामुख सुवासचन्द्र नेम्वाङको प्रमुख आतिथ्यमा सम्बन्धित क्षेत्रका सांसद, सरोकारवाला उच्चपदस्थ सरकारी पदाधिकारी, मानवअधिकारवादी, गैरसरकारी संस्थाका प्रतिनिधिलगायत १४

अञ्चलका नागरिक समाजका प्रतिनिधि एवं पत्रकारहरूका बीच राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रमका सहभागीहरूबाट प्राप्त सुझावलाई समेत समावेश गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि यी राष्ट्रिय एजेन्डा तयार गरिएका हुन् ।

यी राष्ट्रिय एजेन्डालाई **राजनीतिक, सामाजिक, आर्थिक र भौगोलिक** गरी ४ भागमा बाँडिएको छ । यी राष्ट्रिय एजेन्डामध्ये केही राज्यले सम्बोधन गरिसकेको छ भने केही अझै विचाराधीन छन् । साथै धेरै एजेन्डा अझै सम्बोधन गर्न बाँकी रहेका छन् । यसरी संसदीय क्षेत्रस्तरीय, क्षेत्रीय र राष्ट्रियस्तरको संवादबाट निकालिएका एजेन्डाप्रति समयमै सम्बोधन हुन सकेमा लोकतन्त्रको स्थायित्व, शान्ति र सुधारको अभियानमा योगदान पुग्ने विश्वास गरिएको छ । यी एजेन्डा सार्वजनिक संवाद कार्यक्रमका सहभागीहरूले व्यक्त गरेका भावनाअनुसार नै प्रस्तुत गरिएका छन् ।

## राजनीतिक एजेन्डा

- राजनीतिक सहमतिहरूको पूर्णरूपमा पालना
- अन्तरिम संविधानको घोषणा, संविधानसभाको मिति घोषणा
- संसद् विघटन र अन्तरिम सरकारको गठन
- जनसङ्ख्याको आधारमा संसदीय क्षेत्रको निर्धारण, समानुपातिक निर्वाचन प्रणाली
- निष्पक्ष र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन
- संविधानसभा अगाडि दुवै पक्षको हतियार व्यवस्थापन
- संविधानसभाको निर्वाचनअघि जनगणना र नागरिकता वितरण
- १६ वर्षभन्दा माथिका व्यक्तिलाई मताधिकारको व्यवस्था
- समानुपातिक प्रतिनिधित्व (महिला, दलित, आदिवासी तथा जनजाति...)
- राज्यको पुन:संरचना (जातीय, भौगोलिक, वर्गीय, लैङ्गिक असमानतालाई हल गर्ने हिसावले)
- लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, सङ्घीय तथा प्रान्तिय शासन प्रणाली
- सेनाको लोकतान्त्रीकरण, सेना जनप्रतिनिधिबाट परिचालन
- जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा समाहित
- चन्दा असुली र अपहरणजस्ता कार्यको यथाशीघ्र अन्त्य
- तराई जनतान्त्रिक मुक्ति मोर्चाको विद्रोह समाधान
- द्वन्द्वबाट पीडित र विस्थापितहरूको पुन:स्थापना/उचित क्षतिपूर्ति
- ध्वस्त भएका सम्पूर्ण कार्यालयहरू यथास्थानमा पुन:स्थापना
- जनयुद्ध तथा जनआन्दोलनमा मारिएका तथा घाइतेहरूलाई क्षतिपूर्ति



- जनआन्दोलनका विरोधीहरूलाई कारबाही
- सहिदको उच्च सम्मान र उनका परिवारको संरक्षण
- राजा र शाही परिवारको सम्पत्तिको राष्ट्रियकरण
- दरबार हत्याकाण्डको निष्पक्ष छानबिन र दोषीलाई सजाय
- स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका, मानवअधिकारको प्रत्याभूति
- बेपत्ता नागरिकहरूको सार्वजनिकीकरण
- सूचनाको हक, स्वतन्त्र पत्रकारिता
- भ्रष्टचारविरुद्ध कडा कानुन
- प्रशासनिक तथा शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपको अन्त्य
- मूल्यको आधारमा जग्गाको हदबन्दी, भूमिको समानुपातिक वितरण/हदबन्दी
- जसको जोत उसको पोतमा आधारित भूमिनीति
- सुकुम्बासी, मुक्तकमैया र हलिया समस्याको समाधान
- राजनीतिक दलभित्र समावेशी लोकतन्त्र, प्रत्येक पार्टीमा एक व्यक्ति एक पदको अवधारणा
- राजनीतिक दलहरूको आयव्यय विवरण पारदर्शी र वार्षिक लेखापरीक्षण
- जनप्रतिनिधिले गलत कार्य गरेमा फिर्ता बोलाउने व्यवस्था
- विकास निर्माणमा राजनीतिक पूर्वाग्रहको अन्त्य
- सर्वपक्षीय सहमतिमा स्थानीय निकायहरूको सञ्चालन
- महिला, दलित जनजाति, अपाङ्गहरू र अति पिछडिएका वर्गहरूका लागि आरक्षण
- महिलाका लागि ३३% आरक्षण नभई विशेषअधिकार
- नीति निर्माण तहमा महिलालाई ५०% स्थान जसमा दलित, जनजाति र अन्य क्षेत्रका महिलाको प्रतिनिधित्वको सुनिश्चितता
- स्पष्ट विदेश नीति
- खुला सिमानाको उचित व्यवस्थापन, भारतबाट सीमा अतिक्रमण
- भारतसँग भएका असमान सन्धि/सम्झौताहरूको खारेजी

## सामाजिक एजेन्डा

- सामाजिक सुरक्षा
- शिक्षा, स्वास्थ्य तथा अन्य मानवीय आधारभूत आवश्यकताहरूमा राज्यको जिम्मेवारी
- खानेपानी, स्वास्थ्य, सञ्चार, विद्युत् आदिको समानुपातिक वितरण
- धर्म, जातीय, लैङ्गिक तथा सामाजिक विभेदको अन्त्य
- सामाजिक दुर्व्यवहार, घरेलु हिंसा, जुवातास र लागूपदार्थ सेवनको व्यावहारिक अन्त्य
- दाइजो, चेलीको धन खाने, जारी र बालविवाहजस्ता कुप्रथाहरूको व्यावहारिक अन्त्य

- छुवाछूत, छाउपडी, अनमेल विवाह, बहुविवाह, बोक्सी, धामीझाक्रीजस्ता कुरीति/अन्धविश्वासको व्यावहारिक अन्त्य
- दलित, कमैया, हलिया, कमलहरी र वादी समुदायमाथिको शोषणको व्यावहारिक अन्त्य
- अनाथ, सडक बालबालिका, अपाङ्ग, दृष्टिविहीन, वृद्धवृद्धा र एकल महिलाहरूलाई विशेष व्यवस्था/सम्मानपूर्वक जिउने वातावरण
- धर्म, भाषा, भेषभूषा र जातीय संस्कृतिको संरक्षण तथा संवर्द्धन
- अल्पसङ्ख्यक, आदिवासी र जनजातिको लिपि, भाषा, धर्म र संस्कृतिको संरक्षण र विकास
- सबै जातजातिको मुख्य चाडपर्वमा सार्वजनिक विदा
- एकल महिला (विधवा, बालविधवा) लाई अंश, पैतृक सम्पत्तिमा महिलाको समान अधिकार
- एकै किसिमको शिक्षा, सर्वसुलभ शिक्षा
- वैज्ञानिक, प्राविधिक र व्यावसायिक अनिवार्य शिक्षा
- विपन्न, दलित, जनजाति तथा पछाडि पारिएका वर्गका लागि निःशुल्क शिक्षा
- मातृभाषामा प्राथमिक शिक्षा, कक्षा १० सम्म निःशुल्क शिक्षा
- कृषि विश्वविद्यालयको स्थापना, सबै विकास क्षेत्रमा विश्वविद्यालयको स्थापना
- सामाजिक अपराध नियन्त्रणको प्रभावकारी व्यवस्था, जनताले काम गरेर ढुक्कसँग खाने र बस्ने वातावरण
- मानव/मानव अङ्ग बेचबिखनको अन्त्य
- बालश्रम शोषणको व्यावहारिक अन्त्य
- १६ वर्षमुनिका बालबालिकालाई चुरोट, खैनी र रक्सी खरिदबिक्रीमा रोक
- एचआईभी/एड्स/यौन रोग आदिबारे प्रभावकारी नीति
- खुला सिमानाका कारण हुने चोरी, डकैती र अन्य अपराधको नियन्त्रण
- बाढी, पहिरो, नदी कटान र डुबानमा परेका ठाउँहरूको सुरक्षा
- कंक्रिट चिहानको व्यवस्थापन
- वातावरण संरक्षण
- मन्दिर/गुठीमा पुर्ख्यौली प्रवृत्तिको अन्त्य
- अव्यवस्थित सहरीकरण/बसोवास

## आर्थिक एजेन्डा

- आर्थिक विभेदको अन्त्यका लागि स्पष्ट आर्थिक नीति
- आर्थिक पारदर्शिता
- निजीकरणको अन्त्य



- उदार अर्थतन्त्र
- समाजवादी अर्थ व्यवस्था
- गरिबीको रेखामुनिका जनतालाई आर्थिक आरक्षण
- सम्पत्तिमा हदबन्दी
- प्रगतिशील कर प्रणाली
- पारदर्शी कर प्रणाली
- निजी क्षेत्रलाई प्रोत्साहन
- सहज र व्यवस्थित वैदेशिक रोजगार
- वैदेशिक रोजगारका अवसरहरूको समानुपातिक वितरण
- देशको जनशक्तिलाई विदेशिनुबाट रोक्ने वातावरण
- समान कामको समान ज्याला
- आधुनिक कृषि प्रणाली र सिँचाइको विकास
- चरन क्षेत्रको विकास
- मिल्क होलिडेको अन्त्य
- कृषि उत्पादनको भण्डारण, प्रशोधन, बजार व्यवस्थापन र उचित मूल्य
- कृषि सामग्रीको समयमा र सहुलियत दरमा उपलब्धता
- वित्तीय संस्थाको विकेन्द्रीकरण तथा विस्तार
- ग्रामीण ऋण तथा बचत सहकारी संस्थालाई प्राथमिकता
- सस्तो र सुलभ ऋण
- घरेलु उद्योगलाई विशेष सुविधा
- उद्योगमा गरिएको लगानीको सुरक्षा
- औद्योगीकरण र कृषिमा आधारित उद्योग, उद्योगधन्दामा स्थानीय व्यक्तिलाई रोजगारी, मजदुरहरूको ज्याला वृद्धि र जीवन बिमा
- औद्योगिक प्रदूषणको नियन्त्रण
- गरिब तथा पछाडि पारिएका वर्गहरूलाई आय आर्जन/सीपमूलक तालिम र रोजगारी
- विश्व व्यापार सङ्गठनबाट विपन्न वर्गमा पर्ने प्रभावको न्यूनीकरण
- गाउँमुखी र समानुपातिक बजेट वितरण प्रणाली
- आयस्रोतको ५०% रकम सोही क्षेत्रमा लगानी
- स्रोत र साधनको न्यायोचित वितरण
- प्राकृतिक स्रोत र साधनको संरक्षण, समानुपातिक वितरण र प्रयोग
- वन संरक्षण
- जैविक विविधताको संरक्षण

- जडिबुटीको पहिचान, संरक्षण र सदुपयोग
- भौतिक पूर्वाधारहरूको विकास (बाटो, विद्युत्, खानेपानी आदि)
- सडक/कृषि सडक/यातायातको विकासमा प्राथमिकता
- थप अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण
- सञ्चारमा व्यापक लगानी
- जलस्रोतको सदुपयोग (विद्युत्, सिँचाइ), ग्रामीण विद्युतीकरण
- धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको संरक्षण र विकास
- भन्सार चोरी निकासी नियन्त्रण
- सिन्डिकेट प्रणालीको अन्त्य
- कालो बजारी गर्नेलाई कडा कारबाही
- असमान व्यापारिक सन्धि/सम्झौताको खारेजी

## भौगोलिक एजेन्डा

- भौगोलिक आधारमा राज्यको पुन:संरचना
- जिल्ला, क्षेत्र, नगर र गाविसजस्ता इकाईहरूको पायक पर्ने गरी पुन:संरचना
- भौगोलिक बनावटका आधारमा निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू निर्धारण
- भौगोलिक विकटताका आधारमा विकास/निर्माणमा प्राथमिकता
- भौगोलिक रूपमा पिछडिएका क्षेत्रको संरक्षण र विकास
- भौगोलिक संरचनाअनुसार कृषि प्रणालीको विकास
- भौगोलिक रूपले विकट क्षेत्रहरूमा सडक/राजमार्गसँग जोड्ने सडक निर्माण
- सीमा अतिक्रमण रोक्न प्रभावकारी सीमा व्यवस्थापन
- राज्यको सिमानाहरूबारे स्पष्ट धारणा ।



# Summary


With the success of People’s Movement 2006, with lots of sacrifices, democracy has been restored in the country. Concurrently, CPN (Maoist) which was waging an armed insurgency is also in the process of making an entry into the mainstream of politics through peaceful dialogue and with the commitment of being a part of the democratic system. This can be considered a good omen for bringing peace in the country.

It is now on all of our shoulders to lead the country towards a forward-looking direction making the newly achieved democracy sustainable, working on its institutionalization and ultimately, pull off a lasting peace. For this, a strong national commitment from all of us to unearth the main spirits of the rights-based questions and bringing them into national mainstream are required.

For the stability and institutional development of democracy as well as to achieve the lasting peace, Pro Public for the past one year had been involved in the decentralized public dialogues organizing “issue-based dialogues” in various parliamentary constituencies so as to come up with peace and reform agenda at the end. For this, altogether 100 Good Governance Clubs and their District Coordination Committees were purposively selected in 100 parliamentary constituencies of 56 districts. The public dialogue forum was held for attaining a pious peace and a positive change in which altogether 3735 participants including 780 female and 2,955 male from different walks of life had participated in. They were selected considering the value of inclusiveness.

Having analyzed the agenda of peace and reform collected through discussion and dialogue in 100 parliamentary constituencies of 56 districts, the draft regional agenda was prepared for each region and made public in all the five Development Regions (Biratnagar, Hetauda, Pokhara, Nepalgunj and Dhangadhi) in regional level public dialogue forums ( Nov. 20 to Dec. 9, 2006) in which civil society representatives, government officials and journalists of the particular region had participated in. The regional agenda for peace and reform received a final shape after incorporating suggestions collected through the regional level public dialogue forums. The agenda received from regional level was re-analyzed and the national agenda (draft) for the sustainability of peace and reform was prepared.

The national agenda was made public on December 27, 2006 in a national level public dialogue forum in the presence of Rt. Honorable Subash Chandra Nembang, Speaker, House of Representatives - the Chief Guest of the program; parliamentarians of the constituencies-concerned; high-level government officials-concerned; human rights activists; journalists; NGOs and the representatives of civil society organizations from all the 14 zones. The national agenda for the sustainability of peace, reform and democracy has been prepared including the suggestions expressed in the national dialogue forum as well.

The national agenda has been divided into four categories i.e. **political, social, economic and geographical**. Among these national agenda, some have already been addressed by the state while some are still under consideration. It is our belief that the agenda formulated through public dialogues of parliamentary constituency and regional and national levels - if gets addressed from the state on time, will contribute to the campaign of sustainable peace, reform and democracy. The agenda has been finalized and presented as per the spirits of the participants of the public dialogue forums.

## Political Agenda

- Full implementation of political agreements
- Declaration of interim constitution, declaration of constituent assembly (CA) polls date
- Parliament dissolution and constitution of interim government
- Determination of parliamentary constituencies based on population, proportional electoral system
- CA polls in a free and fair environment
- Arms management of both sides before CA polls
- Census and citizenship distribution before CA polls
- Adult franchise arrangement for citizens above 16 years of age
- Proportional representation (woman, indigenous people, and *Dalit, Janajati…*)
- Restructuring of state (in a way the ethnic, geographical, class and gender-based inequalities could be resolved)
- Democratic republic, inclusive democracy, federal and provincial governance system
- Democratization of army, mobilization of army through people's representatives
- Merger of People's Liberation Army into the national army
- Immediate termination of extortion and abduction
- Finding an outlet of the rebellion of *Terai Janatantrik Mukti Morcha*
- Rehabilitation/due compensation to the conflict victims and internally displaced people
- Re-establishment of all demolished offices in the previous locations
- Compensation to the dead and injured people of People's War and People's Movement
- Action against the suppressors of the People's Movement
- Protection and high respect to the martyrs' families
- Nationalization of the property of king and royal family
- Unbiased investigation of royal palace massacre and penalty to the culprits
- Independent, efficient and unbiased judiciary, guarantee of human rights
- Making public the whereabouts of disappeared citizens
- Right to information, independent media
- Strict law against corruption
- End of political interference in administrative and educational sectors
- Ceiling of land on the basis of price, proportional distribution/ceiling of land
- Land policy on the basis of 'land for the one, who tills land' (*Jasko jot, usko pot*)
- Finding an outlet of the problems of landless people, freed bonded laborers (*ex-Kamaiyas*) and *Haliya* (bonded farm worker) system
- Inclusive democracy in political parties, concept of 'one person, one post' in each party
- Transparent accounts of political parties and annual auditing of accounts
- Arrangement for withdrawal of people's representative, if he/she commits a blunder
- End of political prejudice in development and construction works
- Operation of local bodies on the basis of all-party consensus
- Reservation for woman, *Dalit, Janajati,* disables and highly backward communities
- Prerogative for women instead of 33 % reservation
- 50 % place to women in policy making level ensuring the representation of women from *Dalit, Janajati* and other sectors
- Clear foreign policy
- Proper management of open border, border encroachment by India
- Termination of unequal treaties/agreements signed with India

## Social Agenda

- Social security
- State responsibility towards education, health and other basic humanitarian needs
- Proportional distribution of drinking water, health services, communication and electricity etc
- End of religious, ethnic, gender and social discrimination
- Practical end of social misbehavior, domestic violence, gambling and drug consumption
- Practical end of awful customs such as dowry, acquiring cash for bride (*Cheliko Dhan khane*), *Jaari* and child marriage
- Practical end of awful customs/superstitions such as untouchability, *chaupadi,* unequal marriage, polygamy, witchcraft and faith-healer
- Practical end of the oppression of *Dalit, Kamaiya, Haliya, Kamlari* and *Badi* communities
- Make special arrangement/environment to live a dignified life for orphan, street children, disable, blind, elderly people and single women
- Preservation and promotion of religion, language, ethnic culture and dress
- Public holiday on the important festivals of all caste/ethnic groups
- Property right to single woman (widows, child widows), equal right of woman in ancestral property
- Universal education, accessible education
- Scientific, technical, vocational and compulsory education
- Free education to poor, *Dalit, Janajati* and marginalized people
- Primary education in mother tongue, free education till grade 10
- Establishment of agriculture university, establishment of university in all the development regions
- Effective arrangement to control social crimes, setting up an environment where the citizens can live and lead lives peacefully
- End of human trafficking/sales of human organs
- Practical end of exploitation of child labor
- Stop children below 16 from purchasing/selling cigarette, tobacco and alcohol
- Effective policy on HIV/AIDS/STDs etc.
- Control of theft, robbery and other crime caused by the open border
- Safeguarding places prone to flood, landslide, river-encroachment and inundation
- Management of concrete cemeteries
- Environment conservation
- End of hereditary management of temple/trust (*Guthi*)
- End of mismanaged urbanization/settlement

## Economic Agenda

- Clear economic policy for the end of economic disparity
- Financial transparency
- End of privatization
- Liberal economy
- Socialist economic system
- Economic reservation to people living below poverty line
- Ceiling on the possession of property
- Progressive taxation system
- Transparent taxation system
- Promotion of private sector
- Accessible and well-managed foreign employment
- Proportional distribution of foreign employment opportunities
- Create an environment to stop migration of economically active population
- Equal wage for similar work

- Modern agriculture system and development of irrigation
- Development of pasture land
- End of milk holiday
- Storage, processing, marketing and reasonable price of agro-products
- Agriculture inputs on time and at affordable price
- Decentralization and expansion of financial institutions
- Priority to rural credit and saving cooperatives
- Easily available soft loan
- Special facilities to cottage industry
- Security of industrial investment
- Industrialization and agro-based industry, employment to local people in industries, wage increase and insurance of labor
- Control of industrial pollution
- Income generation/skill development training and employment to poor and marginalized people
- Minimization of the effects of World Trade Organization on the poor communities
- Village-oriented and proportional budget distribution system
- Investment of 50 % income source in the same locality
- Justful distribution of resources
- Conservation of natural resources, proportional distribution and utilization
- Forest conservation
- Biodiversity conservation
- Identification, conservation and proper utilization of medicinal herbs
- Development of physical infrastructure (road, electricity, drinking water etc.)
- Priority to develop road/agriculture road and transport sector
- Construction of additional international airport
- Massive investment in communication
- Proper utilization of water resources (electricity, irrigation), rural electrification
- Conservation and development of religious, historical, cultural and tourist places
- Control of smuggling at custom points
- End of syndicate system
- Strict action against black marketing
- Annulment of unfair trade-related treaties/agreements

## Geographical Agenda

- Restructuring of state on the basis of geography
- Restructuring of administrative units such as region, district, municipality and VDCs on the basis of accessibility
- Formation of constituencies and polling stations on the basis of geographical setting
- Priority for development on the basis of geographical inaccessibility
- Protection and development of geographically backward areas
- Development of agriculture system as per the geographical setting
- Construction of roads/feeder roads to connect geographically backward areas with the main road/highway
- Effective border management to stop border encroachment
- Clear policy on the country's territory

# १. परिचय

प्रो पब्लिक विगत १५ वर्षदेखि जनसरोकार र सार्वजनिक हितको क्षेत्रमा सक्रिय रूपमा काम गर्दै आएको राष्ट्रियस्तरको गैरसरकारी संस्था हो । यसले सार्वजनिक सरोकारका विविध विषयहरूमा अनुसन्धान तथा विभिन्न वकालतका माध्यमबाट नीतिगत तहमा योगदान पुऱ्याउँदै आएको छ ।

नेपाली जनताको बलिदानीपूर्ण जनआन्दोलन, २०६३ को सफलतापछि मुलुकमा लोकतन्त्र स्थापना भएको छ । साथै सशस्त्र द्वन्द्वमा उत्रिएको नेकपा माओवादी पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट लोकतान्त्रिक व्यवस्थामा समाहित हुने प्रतिबद्धता लिएर राजनीतिको मूलधारमा आउने क्रममा छ । यसलाई देशमा शान्ति स्थापनाका लागि निर्माण हुँदै गएको शुभसङ्केतका रूपमा लिन सकिन्छ ।

जनआन्दोलनबाट प्राप्त लोकतन्त्रको स्थायित्व र संस्थागत विकासका साथै दिगो शान्ति स्थापना गरी देशलाई अग्रगामी दिशातर्फ डोऱ्याउनुपर्ने जिम्मेवारी हामी सबैको काँधमा आएको छ । यसै सन्दर्भमा अधिकारमुखी सवालहरूसँग जोडिएका मर्मलाई उजागर गरी राष्ट्रिय मूलधारमा ल्याउनका लागि हामी सबैको सशक्त प्रतिबद्धताको खाँचो छ ।

लोकतन्त्रको स्थायित्व र संस्थागत विकासका साथै देशमा दिगो शान्ति स्थापनाका लागि विभिन्न संसदीय क्षेत्रमा '**विषय केन्द्रित संवादहरू**' सञ्चालन गरेर शान्ति र सुधारका एजेन्डा तयार गर्न प्रो पब्लिकले विगत एक वर्षदेखि विकेन्द्रीकृत सार्वजनिक संवादको थालनी गरेको थियो । यसका लागि ५६ जिल्लाका १०० संसदीय क्षेत्रमा प्रो पब्लिकसँग स्वत:स्फूर्त रूपमा आबद्ध भएका ५ हजार ३ सयभन्दा बढी असल शासन क्लबहरूमध्ये क्षेत्रगत आधारमा छनोट गरिएका १०० वटा असल शासन क्लब तथा असल शासन क्लब जिल्ला समन्वय समितिहरूलाई संलग्न गराइएको थियो । सार्वजनिक संवाद विशुद्ध शान्ति र सकारात्मक परिवर्तनका लागि सञ्चालन गरिएको थियो । यसरी आयोजना गरिएको संवाद कार्यक्रममा राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गरेका ७८० महिला तथा २,९५५ पुरुष समेत गरी ३,७३५ जना विभिन्न संसदीय क्षेत्रका नागरिकहरूको सहभागिता रहेको थियो । सार्वजनिक संवादका लागि सहभागीहरूको छनोट गर्दा समावेशी अवधारणालाई विशेष रूपमा अनुशरण गरिएको थियो ।

यसरी ५६ जिल्लाका १०० वटा संसदीय क्षेत्रमा सार्वजनिक संवाद कार्यक्रममा गरिएको छलफलबाट प्राप्त शान्ति र सुधारका एजेन्डालाई विश्लेषण गरी ती एजेन्डालाई क्षेत्रीय एजेन्डा (मस्यौदा) तयार गरेर गत मङ्सिरमा पाँचै विकास क्षेत्र (विराटनगर, हेटौंडा, पोखरा, नेपालगन्ज र धनगढी) मा नागरिक समाज, सरकारी पदाधिकारी एवं पत्रकारमाझ सार्वजनिक गरिएको थियो । उक्त क्षेत्रीयस्तरको सार्वजनिक संवादबाट प्राप्त सुझावलाई समेत समावेश गरी शान्ति

र सुधारका क्षेत्रीय एजेन्डालाई अन्तिम रूप दिइएको थियो । साथै क्षेत्रीयस्तरबाट प्राप्त उक्त एजेन्डालाई पुन: विश्लेषण गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा (मस्यौदा) तयार गरिएको थियो ।

उक्त राष्ट्रिय एजेन्डा (मस्यौदा) सार्वजनिकीकरण गरी अन्तिम रूप दिने उद्देश्यले प्रो पब्लिकले २०६३ पुस १२ गते ललितपुरको होटल हिमालयमा राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिनिधिसभाका सम्माननीय सभामुख तथा कार्यक्रमका प्रमुख अतिथि सुवासचन्द्र नेम्वाङद्वारा कार्यक्रमको समुद्घाटन गरिएको थियो । उक्त समारोहमा विभिन्न राजनीतिक दलसँग आबद्ध प्रतिनिधिसभाका माननीय सदस्यहरू, सरोकारवाला उच्चपदस्थ सरकारी पदाधिकारी, मानवअधिकारवादी, गैरसरकारी संस्थाका प्रतिनिधिलगायत १४ अञ्चलका नागरिक समाजका प्रतिनिधि एवं पत्रकारसमेत करिब ७० जनाको सहभागिता रहेको थियो । कार्यक्रम सञ्चालन प्रो पब्लिककी जानुका मैनालीले गर्नुभएको थियो ।

## १.१ आसन ग्रहण

कार्यक्रमको सुरुमा कार्यक्रम सञ्चालिका जानुका मैनालीले प्रमुख अतिथि, सम्पूर्ण आमन्त्रित अतिथिहरू र आयोजकहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुभएको थियो ।

**प्रमुख अतिथिको आसन ग्रहण** - सम्माननीय सभामुख, सुवासचन्द्र नेम्वाङ, प्रतिनिधिसभा
**सभापतिको आसन ग्रहण** - डा. श्रीकृष्ण श्रेष्ठ, अध्यक्ष, प्रो पब्लिक
**आसन ग्रहण** - प्रकाशमणि शर्मा, महासचिव, प्रो पब्लिक
**आसन ग्रहण** - भरतमणि शर्मा, परियोजना संयोजक, प्रो पब्लिक
**आसन ग्रहण** - सम्पूर्ण आमन्त्रित अतिथिहरू

## १.२ स्वागत मन्तव्य: प्रकाशमणि शर्मा, महासचिव, प्रो पब्लिक

कार्यक्रमको सुरुमा प्रो पब्लिकका महासचिव प्रकाशमणि शर्माले शान्ति र सुधारका लागि सार्वजनिक छलफलका विषयहरूको पहिचान एवं संसदीय क्षेत्र सुदृढीकरण परियोजनाअन्तर्गत राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रममा उपस्थित प्रमुख अतिथि सम्माननीय सभामुख, माननीय सांसदहरू, सरकारी उच्चपदस्थ अधिकारीहरू, नागरिक समाजका प्रबुद्ध व्यक्तित्व एवं पत्रकारहरूलाई सम्बोधन गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभयो । स्वागत मन्तव्यका क्रममा महासचिव शर्माले प्रो पब्लिक लामो समयदेखि जनताका सरोकारका विषयमा केन्द्रित हुँदै देशको सामाजिक, आर्थिक, राजनीतिकलगायतका विषयमा जनताले भोगेका विषयहरूलाई





कसरी हल गर्ने भन्ने सवालमा दृढतापूर्वक लागेको बताउनुभयो । यसै सन्दर्भमा प्रो पब्लिकले शान्ति र सुधारका क्षेत्रमा गाउँ तहदेखि क्षेत्रीय तहसम्मका जनताले व्यक्त गरेका विचारहरूलाई राष्ट्रिय एजेन्डा (मस्यौदा) का रूपमा ल्याई सरोकारवाला माननीय सांसदहरूलगायत उच्च सरकारी पदाधिकारी, नागरिक समाज तथा पत्रकारहरूलाई अवगत गराउने र राष्ट्रिय एजेन्डालाई अन्तिम रूप दिने उद्देश्यले यस राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रमको आयोजना गरेको बताउँदै कार्यक्रमले जनचाहनाको यथार्थ चित्रणसमेत गरेको कुरामाथि प्रकाश पार्नुभयो । जनतालाई लोकतन्त्रको अनुभूति होस्, देशमा विद्यमान द्वन्द्व समाप्त भई शान्ति, अमनचयन कायम होस् र संविधानसभाको निर्वाचन समयमै भई देशको भविष्य निर्धारण होस् भन्दै उपस्थित सम्पूर्ण सहभागीलाई हार्दिक स्वागत गर्नुभयो ।

## १.३ कार्यक्रमको समुद्घाटन :प्रमुख अतिथि सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ

स्वागत मन्तव्यपश्चात कार्यक्रमका प्रमुख अतिथि सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङज्यूले पानसमा बत्ती बालेर कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो ।

## १.४ परियोजना र कार्यक्रमको उद्देश्यबारे जानकारी : भरतमणि शर्मा, परियोजना संयोजक, प्रो पब्लिक

सम्माननीय सभामुख, माननीय सांसदज्यूहरू, उच्चपदस्थ सरकारी पदाधिकारी, नागरिक समाजका प्रबुद्ध व्यक्तित्व एवं पत्रकारहरूलाई सम्बोधन गर्दै परियोजना संयोजक भरतमणि शर्माले द्वन्द्वको अन्त्य र संसद्को पुन:स्थापनापछि मुलुक राष्ट्र निर्माणको नयाँ दिशामा अगाडि बढिरहेको परिवेशको चर्चा गर्दै सो कार्यमा प्रो पब्लिकले आफ्नो भूमिका निभाएको संस्मरणसमेत गर्नुभयो । आजको यस कार्यक्रममा प्रो पब्लिकले ५६ जिल्लाका १०० निर्वाचन क्षेत्रमा शान्ति र सुधारका लागि सार्वजनिक संवाद कार्यक्रम सञ्चालन गरी आएका एजेन्डालाई पुन: क्षेत्रीयस्तरको सार्वजनिक संवाद कार्यक्रममा प्रस्तुत गरी परिमार्जन गरेर शान्ति र सुधारका राष्ट्रिय एजेन्डा ( मस्यौदा) जनताको नासोको रूपमा माननीय सांसदज्यूहरूलगायत यहाँ उपस्थित सम्पूर्ण नागरिक समाज, सरकारी पदाधिकारी र पत्रकारहरूसमक्ष प्रस्तुत गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरेको बताउनुभयो । उहाँले निर्वाचन क्षेत्रस्तरीय सार्वजनिक संवाद कार्यक्रममा आठवटै दलका नेता तथा कार्यकर्ता, नागरिक समाज, व्यापारी, बुद्धिजीवी, पत्रकारलगायतको उपस्थिति रहेको जानकारी दिनुभयो । साथै नागरिक समाज, सरकारी पदाधिकारी तथा पत्रकारहरूको उपस्थितिमा पाँचवटै विकास क्षेत्र (विराटनगर, हेटौंडा, पोखरा, नेपालगन्ज र धनगढी) मा क्षेत्रीयस्तरको सार्वजनिक संवाद कार्यक्रम गरेको समेत जानकारी दिनुभयो *(प्रस्तुति अनुसूची-१)*।

### १.५ राष्ट्रिय एजेन्डा (मस्यौदा) प्रस्तुतीकरण : डा श्रीकृष्ण श्रेष्ठ, अध्यक्ष, प्रो पब्लिक

यसपछि सभाका सभापति तथा प्रो पब्लिकका अध्यक्ष डा. श्रीकृष्ण श्रेष्ठले 'शान्ति र सुधारका लागि राष्ट्रिय एजेन्डा (मस्यौदा) प्रस्तुत गर्नुभयो । यसलाई राजनीतिक, सामाजिक, आर्थिक एवं भौगोलिक गरी चार भागमा विभाजन गरिएको छ । एजेन्डा प्रस्तुत गर्दै नीति निर्माणका सवालमा नागरिक समाजबाट तटस्थ ढङ्गबाट यस्ता एजेन्डा सङ्कलन गर्न सकिने र यो एजेन्डा नीति निर्माण कर्ताहरूलाई निकै लाभदायी हुने विचारसमेत प्रस्तुतिको क्रममा डा. श्रेष्ठले व्यक्त गर्नुभयो । उहाँले यहाँ प्रस्तुत एजेन्डा जनताका भएको र प्रो पब्लिक हुलाकी मात्र भएको कुरासमेत स्पष्ट पार्नुभयो । जनसरोकारका विषयमा आफ्नो संस्था जस्तोसुकै प्रतिकूल अवस्थामा पनि लागिरहने प्रतिबद्धतासमेत अध्यक्ष श्रेष्ठले व्यक्त गर्नुभयो *(डा. श्रेष्ठको प्रस्तुतिमाथिको छलफलबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी शान्ति, सुधार र लोकतन्त्रकको स्थायित्वका लागि नेपाली जनताका राष्ट्रिय एजेन्डा तयार गरी यसै प्रतिवेदनको तेस्रो नम्बरमा प्रस्तुत गरिएको छ)* ।

### १.६ प्रमुख अतिथिको मन्तव्य :सम्माननीय सभामुख, सुवासचन्द्र नेम्वाङ

कार्यक्रमका सभापति महोदय, आयोजकज्यूहरू, माननीय सांसदज्यूहरू, सरकारी उच्चपदस्थ अधिकारीज्यूहरू, राजधानीभित्र तथा बाहिरबाट आउनुभएका नागरिक समाजका मित्र, पत्रकार बन्धुहरू तथा अन्य आमन्त्रित मित्रहरू । आज तपाईंहरूका सामु शुभकामनाका दुई शब्द व्यक्त गर्ने मौका दिनुभएकोमा सर्वप्रथम म प्रो पब्लिकका मित्रहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै यस प्रकारको गहन कार्य गरेकोमा आयोजकहरूलाई बधाईसमेत ज्ञापन गर्न चाहन्छु । मुलुक सङ्क्रमणकालीन अवस्थामा रहेको विद्यमान परिस्थितिमा मुलुकलाई सकारात्मक दिशातिर लैजाने महान उद्देश्य बोकेर विभिन्न तह र क्षेत्रमा कार्यक्रम गर्दै राष्ट्रियस्तरको कार्यक्रम गरी निष्कर्षमा पुग्न सुल्टो बाटो अपनाई यस ठाउँमा आइपुग्नुभएकोमा पनि बधाई दिन चाहन्छु । नेपाल र नेपाली जनताका सामु अहिले पनि विभिन्न चुनौतीहरू विद्यमान छन् । संसद्को ऐतिहासिक घोषणा र सरकार-माओवादीबीचको शान्ति सम्झौता तथा आठ शीर्ष दलका नेताका सहमतिका कारण चुनौतीहरू क्रमश: साँघुरिएका छन् । अवसरका ढोकाहरू हिजोभन्दा आज बढी खुल्दै गएका छन् । तर पनि चुनौतीलाई अझ पराजित गर्न सकिएको छैन । केही दिनअघि मात्र नेपालगन्जमा भएको दुखद् घटनाले यही पुष्टि गर्दछ ।

अहिलेको परिवेशमा गलत तत्त्वका विरुद्धमा हामी सबै सजग, सतर्क र क्रियाशील हुनुपर्दछ । आन्दोलनले अझै लक्ष्य प्राप्त गरिसकेको छैन । नेपाली जनता राज्य र शक्तिका स्रोत हुन् । राज्यको पुन:संरचना र समावेशी लोकतन्त्रबिना मुलुक अगाडि बढ्न सक्तैन । यी सवालहरूमा सहमतिको आवश्यकता छ । राजनीतिक पार्टीहरूको दृष्टिकोणमा एकरूपता आउनु आवश्यक छ ।





नत्र शान्ति र सुधारका लागि मुलुक कसरी साझा विन्दुमा उभिन सक्छ ? दिगो शान्ति र नयाँ नेपाल निर्माणको लागि थुप्रै विषयहरूलाई सम्बोधन गर्न आवश्यक छ भन्ने कुरामा दुई मत छैन । यो कार्यक्रम सामयिक र सान्दर्भिक छ । मेरो सबैलाई बधाई र शुभकामना छ । आयोजक संस्थाले यसमा आफूलाई हुलाकीका रूपमा मात्र प्रस्तुत गरेको छ । पत्रहरू छुटेका भए यहाँ उपस्थित सहभागीहरूले दिनुहुने नै छ । अन्तमा कार्यक्रमको सफलता र कार्यक्रमले ल्याएका एजेन्डाको पूर्ण कार्यान्वयनका लागि पुन: शुभकामनाका दिँदै मेरो पूर्ण सहयोग र वचनबद्धता व्यक्त गर्दै मेरा दुई शब्द यहीं अन्त्य गर्दछु ।

## २. राष्ट्रिय एजेन्डा (मस्यौदा) प्रस्तुतीकरण माथि खुला छलफल

प्रमुख अतिथि सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङज्यूको मन्तव्यपछि प्रो पब्लिकका अध्यक्ष डा. श्रीकृष्ण श्रेष्ठले प्रस्तुत गर्नुभएको शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा (मस्यौदा) माथि खुला छलफल अगाडि बढाइएको थियो । छलफलका क्रममा विविध क्षेत्रको प्रतिनिधित्व गर्नुभएका महानुभावहरूले आआफ्ना विचार व्यक्त गर्नुभएको थियो । उहाँहरूबाट व्यक्त विचारलाई निम्नअनुसार प्रस्तुत गरिएको छ–

### २.१ भरतमोहन अधिकारी, सांसद, नेकपा एमाले

प्रो पब्लिकले विभिन्न निर्वाचन क्षेत्र र क्षेत्रीयस्तरको कार्यक्रमपछि यस प्रकारको राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रम सञ्चालन गरेकामा धन्यवाद दिन चाहन्छु । नयाँ नेपालको निर्माणको सन्दर्भमा व्यापक छलफलको आवश्यकता छ । संविधान बनाउने प्रक्रिया अझ पनि सहज छैन । नेपालगन्जको घटनाले यस कुराको थप पुष्टि गरेको छ । प्रो पब्लिकले संविधानसभाको प्क्रिया र नयाँ नेपालबारे अझ सोचोस् । अब गणतन्त्रको स्थापना गर्नेमा कसैको दुईमत छैन । राष्ट्रपतिको निर्वाचनको मोडेल कस्तो ? भारतको जस्तो, अमेरिकाको जस्तो वा स्विट्जरल्यान्डको जस्तो ? यसमा छलफलको माध्यमबाट सहमतिमा पुग्नुपर्दछ । श्री अधिकारीले हाम्रोजस्तो देशको विकासमा निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो । वैदेशिक रोजगारको क्षेत्रले थेगेको अर्थतन्त्रलाई अरु बढी व्यवस्थित गर्दै कृषि, सहकारी र औद्योगीकरणमा समेत उचित ध्यान दिएर राष्ट्रको अर्थतन्त्रलाई मजबुत पार्नुपर्ने आवश्यकता रहेको छ ।

नेपाल बहुजाति, बहुभाषिक र बहुसाँस्कृतिक देश भएकाले हरेक समस्याको समाधान छलफलबाट गर्नुपर्ने बताउँदै अहिले तराईमा देखिएको विद्रोहलाई छलफलकै माध्यमबाट तत्काल सम्बोधन गर्नुपर्ने बताउनुभयो । समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचन गरी अबको संविधान निर्माण गर्दा अमेरिकामा जस्तै ३०० वर्षको गोरेटो निर्माण गर्नुपर्छ । अबका दिनमा ग्रामीण क्षेत्रका जनताले

वास्तविक लोकतन्त्रको अनुभूति गर्ने, बेरोजगारी समस्याको अन्त्य र जनताका मौलिक अधिकारको सुनिश्चितताजस्ता विषयहरूमा जोड दिनुपर्दछ । साथै जनताको ठूलो चासोको विषय रहेको दरबार हत्याकाण्डको यथार्थ छानबिन हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

## २.२ विरोध खतिवडा, सांसद, नेकपा एमाले

यहाँहरूले जनताको आवजलाई जनभावनाअनुसार नै प्रस्तुत गर्नुभएको छ । यी हामीले जानेबुझेकै विषयहरू हुन् । संसदीय क्षेत्रस्तरीय सार्वजनिक संवादमा सबै क्षेत्र र राजनीतिक दलको पनि सहभागिता रहेको स्पष्ट पारियो । प्रो पब्लिकले यी एजेन्डामार्फत अब राज्य यसरी जानुपर्दछ भनेर स्पष्ट दिशानिर्देश गर्न सकेन । विरोधाभाष विषयहरू पनि आएका छन् । वैदेशिक रोजगारको सन्दर्भमा तीन किसिमको अवधारणा आएको छ । यो उत्तम हो भनी ठम्याउन सकेको भए राजननीतिक दललाइ दबाव सिर्जना गर्न सकिन्थ्यो । समावेशीको ढाँचाबारे कोही स्पष्ट छैनन् । समावेशीको प्रक्रिया के ? संघात्मक ? जातीयताको ढाँचा कस्तो हुनुपर्दछ ? आदि कुराहरू प्रो पब्लिकले जनताबाट ल्याउन सकेको भए राम्रो हुने थियो । अबका दिनमा साझा एजेन्डाको पहिचान गरी समान दृष्टिकोण बनाएर अगाडि बढ्नुपर्दछ । यस्तो राष्ट्रियस्तरको कार्यक्रममा राजनीतिक दलहरूको पनि सहभागिता हुनुपर्छ ।

## २.३ आनन्द पोखरेल, सांसद, नेकपा एमाले

प्रो पब्लिकले जनताले उठाएका एजेन्डालाई जनभावनाअनुरूप नै प्रस्तुत गरेको छ । यसरी प्रस्तुत गर्दा सम्बोधन भएका, सम्बोधनको क्रममा रहेका र सम्बोधन हुन बाँकी वा विवादास्पद गरी एजेन्डालाई तीन श्रेणीमा विभाजित गरेको भए निकै राम्रो हुने थियो । यहाँ प्रस्तुत एजेन्डामध्ये प्राकृतिक स्रोत र साधनलाई राजनीतिक एजेन्डामा समावेश गर्नुपर्दछ र यसमा जनताको पूर्ण रूपमा पहुँच हुनुपर्दछ ।

आर्थिक विभेदको अन्त्य खाद्य सम्प्रभुताको हकबाट मात्र हुन सक्छ । साथै विश्व व्यापार सङ्गठन कृषि क्षेत्रबाट बाहिरिनुपर्दछ । राज्यका हरेका निकायमा महिला सहभागिता उत्साहजनक रूपबाट हुनुपर्दछ । कृषि प्रधान हाम्रो मुलुकमा कृषि विश्वविद्यालयको निर्माण हुनुपर्दछ । साथै अहिलेको नयाँ नेपाल निर्माणको घडीमा विदेशी राष्ट्र तथा निकायहरूले हस्तक्षेप गर्नुहुँदैन र यस्तो हस्तक्षेपबाट हामी प्रभावित हुनु पनि हुँदैन । असमान सन्धि सम्झौता र विदेशी हस्तक्षेपबारे प्रो पब्लिकले आवाज उठाउनुपर्दछ । तराई जनतान्त्रिक मुक्ति मोर्चा र बेपत्ता पारिएका नागरिकहरूको सवाल राज्यले तुरुन्त सम्बोधन गर्नुपर्दछ ।





## २.४ रामचन्द्र तिवारी, सांसद, नेपाली कांग्रेस

प्रो पब्लिकले प्रस्तुत गरेका यी एजेन्डाले समग्र मुलुकको प्रतिनिधित्व गरेका छन् । यस अर्थमा नागरिक समाजले राजनीतिक पार्टीहरूलाई नासो ल्याइदिएको छ । यसमा आएका धेरै विषयहरू आठ राजनीतिक दलहरूका आफ्ना एजेन्डाभित्र आइसकेका छन् । बाँकी विषय संसद्मा ल्याएर छलफल गराई अगाडि बढ्नु राजनीतिक पार्टीहरूको जिम्मेवारी हो । राज्यको पुन:संरचना गर्दा जातीयताका आधारमा नभएर भौगोलिक र सांस्कृतिक पक्षका आधारमा साथै भूगोल र जनसङ्ख्याका बीच सामञ्जस्यता मिल्ने गरी गर्नुपर्दछ ।

राज्य गणतन्त्र उन्मुख छ । यहाँ गणतन्त्रका पक्षमा नबोल्नु भनेको राजतन्त्रको समर्थन गर्नु होइन । नेपाली कांग्रेस सधैं जनताको पक्षमा छ । अर्थात् जनता जता छन् नेपाली कांग्रेस उतै रहन्छ । अहिले उठाइएका आरक्षणका सवालहरू सान्दर्भिक छन् । तर यसको सही अभ्यास हुनु अत्यन्त जरुरी छ । यसका लागि आरक्षण कसले र कसरी पाउने भन्ने विषयमा स्पष्ट हुनु जरुरी छ । नेवार र यादवलाई जनजाति भन्ने गरिन्छ तर ती जनजाति होइनन् । त्यसैले सीमान्त वर्ग तथा शिक्षामा पहुँच नहुनेले आरक्षण पाउनुपर्दछ । आर्थिक उन्नतिका लागि निजीकरणबिना सम्भव छैन । कृषकहरूका सवालमा हामी संवेदनशील बन्न सक्नुपर्छ । मिल्क होलिडेजस्ता कृषकलाई प्रत्यक्ष हानि हुने कुरालाई तत्काल बन्द गर्नुपर्छ । साथै विद्युत्, सडक तथा विमानस्थल निर्माणका कार्यहरूलाई जोड दिनुपर्छ । सिमानाको व्यवस्थापन गर्नुपर्छ ।

## २.५ कृष्णप्रसाद जैसी, प्रवक्ता, जिविस महासंघ

प्रो पब्लिकले प्रस्तुत गरेका एजेन्डाले समग्र राष्ट्रको प्रतिनिधित्व गरेको छ । यहाँ छलफल विकेन्द्रित भयो तर विकेन्द्रीकरणको कुरा उठ्न सकेन । विकेन्द्रीकरण अहिलेको मुख्य एजेन्डा हुनुपर्छ । किनकि विकेन्द्रीकरण नभएमा अराजकता बढ्छ र शान्ति कायम हुन सक्दैन । सर्वसाधारण जनतालाई कसरी राज्यबाट प्रवाह गरिने सेवा सुविधालगायत कुराहरूमा सहज पहुँच पुऱ्याउन सकिन्छ भन्नेबारे हामी केन्द्रित हुनुपर्छ । साथै राज्यको पुन:संरचनाका लागि यसका हरेक पक्षको विस्तृत अध्ययन हुनु जरुरी छ ।

अहिले राज्यले प्रत्येक गाविसलाई प्रदान गरेको १० लाख रुपैयाँको कति सदुपयोग हुन सकेको छ भन्नेबारे राम्रो अनुगमन हुनु जरुरी छ । त्यसको सही सदुपयोग हुन सकेन भने यो मात्र लोकप्रिय नारामा सीमिति हुनेछ र प्रतिफल दिन सक्नेछैन । पञ्चायतको अन्त्यपछि स्थानीय निकायको नाम मात्र परिवर्तन भएको र काम पुरानै ढर्रामा भइरहेको वास्तविकता छर्लङ्ग छ । अबका दिनमा यो दोहोरिन हुँदैन र केन्द्रदेखि स्थानीय निकायसम्म २१औं शताब्दीको माग र जनआन्दोलनको मर्मअनुरूप कार्यहरू हुनुपर्दछ ।

अहिले चलिरहेको निजीकरणको सवालमा सार्वजनिक सरोकारका निकायहरूलाई निजीकरण गरिनुहुँदैन । राज्यले नै यसलाई गुणस्तरीय र विश्वसनीय तवरबाट सञ्चालन गर्नुपर्दछ । विकासका कार्यहरूलाई गति दिनका लागि समस्या र मागको राम्रो पहिचान गरी प्याकेज कार्यक्रममार्फत अगाडि बढ्नुपर्दछ ।

## २.६ सोमप्रसाद पान्डे, सांसद, नेकपा एमाले

प्रो पब्लिकले धेरै मेहनतका साथ जनताका सामु गएर समस्याहरूलाई एजेन्डाको रूपमा पहिचान गरेको छ । मुलुकलाई अग्रगतिमा लैजानका लागि समस्यालाई कसरी समाधान गर्दै अगाडि बढ्ने भन्ने मुख्य सवाल हो । समस्यालाई निरूपण गर्न अग्रगमनमा जानुपर्दछ । प्रभावकारी नीति र योजना बनाउनुपर्दछ । मुलुकलाई अग्रगमनकै मार्गमा लिएर अगाडि बढ्नका लागि जेठ ४ गतेको प्रतिनिधिसभाको घोषणा कोसेढुङ्गा सावित भएको छ । राज्यका हरेक कुराहरूलाई तल्लो तहसम्म पुऱ्याउनु आजको महत्त्वपूर्ण सवाल हो । संविधानसभाले देशलाई कम्तीमा १०० वर्षको भावी दिशानिर्देश गर्न सक्नुपर्दछ ।

राज्यको पुन:संरचनाको मोडेलबारे पनि दीर्घकालीन रूपमा सोच्नुपर्दछ । राजाबिनाको नेपाल नै आजको आवश्यकता हो । त्यसलाई सबैले आत्मसात् गर्नुपर्दछ । आरक्षण लागू गर्दा सम्भ्रान्त दलितलाई नभई वास्तविक दलितलाई त्यसको उपयोग गराउन सक्नुपर्दछ । प्रस्तुत एजेन्डामा कृषि सडक छुटेको छ, त्यसलाई थप्नुपर्दछ ।

## २.७ डा. डिल्लीराज खनाल, सांसद, नेकपा एमाले

आयोजकलाई धन्यवाद छ । जनताको माग र जनआवाजलाई व्यवस्थित गरी एजेन्डा प्रस्तुत गरिएको छ । यी एजेन्डा समसामयिक, सान्दर्भिक र संविधानसभाका बेला उठाउनै पर्ने छन् । मुलुक अहिले संविधान निर्माणको प्रक्रियामा छ । राज्य संयन्त्र एक ढङ्गले अगाडि बढेको हुन्छ र नागरिक समाजले त्यसलाई सतर्क र सही मार्गमा अगाडि बढ्नका लागि विभिन्न माध्यमहरू अपनाउनुपर्दछ । प्रो पब्लिकले त्यो काम गरेको छ । एजेन्डा सङ्कलन गर्दा कुन प्रक्रिया अपनाइएको थियो, कुन ढङ्गले विश्लेषण र संश्लेषण गरिएको थियो, सामाजिक र आर्थिक स्थिति कस्तो थियो सो पनि उल्लेख गरेको भए झनै राम्रो हुने थियो । साथै एजेन्डा जुन ढङ्गले विश्लेषण र वर्गीकरण गरिएको छ यसलाई पुन:संयोजन गर्नुपर्दछ । किनकि यसमा एजेन्डा मिसिएका छन् । यस्ता जनताका आवाजहरूलाई घनीभूत रूपमा उठाई निष्कर्षमा पुऱ्याउन दबाव सिर्जना गर्न सकेमा मात्र सार्थक हुनेछ ।





## २.८ घनश्याम पान्डे, अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

हामीले प्रमुखताका साथ भावी नेपालको स्वरूप भनेको लोकतान्त्रिक गणतन्त्र हो भनी किटान गरिसकेका छौं । अब यसलाई कतैबाट अवरोध ल्याउनुहुँदैन । सबै राजनीतिक दलहरूको मूल एजेन्डा गणतन्त्र हुनुपर्दछ । हाम्रो निष्कर्षमा लोकतान्त्रिक गणतन्त्रको स्थापनाबिना वनको संरक्षण र विकास हुन सक्दैन । किनकि वन आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रसँग सम्बन्धित छ । यसले नेपालको राजनीतिक दिशालाई निर्देश गर्दछ । यसकारण वनमाथि जनताको पूर्ण अधिकार हुनुपर्दछ ।

## २.९ प्रेमकुमारी विक , अध्यक्ष, दलित महिला सशक्तीकरण केन्द्र नेपाल, सल्यान (राप्ती)

प्रो पब्लिकले हामीजस्ता ग्रामीण क्षेत्रमा रहेर सामाजिक परिवर्तनमा जुटेका व्यक्तिलाई समग्र राष्ट्रसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई समेटेर आयोजना गरेको यस कार्यक्रममा उपस्थित गराई धेरै विषयहरूमा प्रस्ट पार्न सफल भएकामा आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसले हामीलाई ग्रामीण क्षेत्रमा रहेर कार्य गर्नका लागि उठान गर्नुपर्ने विषयवस्तुबारे समेत थप प्रस्ट पारेको छ ।

## २.१० केशव थापा, सांसद, नेपाली कांग्रेस (प्रजातान्त्रिक)

प्रस्तुत भएका सबै एजेन्डामा मेरो सहमति छ । संविधान कस्तो बनाउने भन्नेमा हामी सांसदको महत्त्वपूर्ण भूमिका रहन्छ । जनता देशमा विकास होस्, भ्रष्टाचार नहोस् भन्ने चाहन्छन् । यसमा सरकारको पनि ध्यान पुगोस् । कृषि विश्वविद्यालय निर्माण तथा रोजगारमूलक प्राविधिक शिक्षाको व्यवस्था गर्नुपर्दछ । साथै पर्यटन तथा विद्युत् विकासका कुराहरू आर्थिक एजेन्डामा परुन् ।

## २.११ वीरेन्द्र पोखरेल, अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ

प्रस्तुत एजेन्डामा अपाङ्गताको सवाललाई उठाएकामा प्रो पब्लिकलाई धन्यवाद छ । यी एजेन्डाभित्र मैले आफूलाई अपाङ्गको सरोकारसँग मात्र सीमित राख्न चाहन्छु । यस सन्दर्भमा उनीहरूको राजनीतिक, समाजिक, आर्थिक र भौगोलिक अधिकार सुनिश्चित हुनुपर्दछ । अपाङ्गको सवाल जङ्गबहादुरका पालादेखि नै उठ्दै आएको हो । तर अहिलेसम्म आउँदा पनि अभ्यासमा भन्दा भाषणमा मात्र सीमित रहेको पाइन्छ । अपाङ्गहरूको राजनीतिक अधिकार सुनिश्चित गरिएको छैन । मत दिंदासमेत अरूको भर पर्नुपर्ने अवस्था छ । अबका दिनमा अपाङ्गहरूलाई कमजोर ठानिनुहुँदैन । अब छिट्टै बन्न गइरहेको अन्तरिम संसद्मा अपाङ्गको प्रतिनिधित्व हुनुपर्दछ । विभिन्न सीपमूलक तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरेर अपाङ्गहरूको

जीवनस्तर उठाउनेतर्फ राज्यलगायत अन्य क्षेत्रहरू गम्भीर बन्नुपर्दछ । द्वन्द्वका कारण अपाङ्ग भएकाहरूलाई पुन:स्थापनातर्फ विषेश ध्यान दिनुपर्दछ । साथै उनीहरूलाई राष्ट्र विकासको कार्यमा सहभागी गराउनुपर्दछ ।

## २.१२ जमुना आचार्य, सदस्य, कोसेली बाल प्रतिभा प्रवर्द्धन केन्द्र, म्याग्दी (धवलागिरि)

प्रस्तुत एजेन्डामा धैरै विषयहरू समेटिएका भए पनि यौन शोषण, बाल शोषण र यातनाका कुराहरू छुटेको पाइयो । यसलाई पनि एजेन्डाको रूपमा लिनुपर्दछ । छुवाछूतविरुद्ध थुप्रै नीति तथा कानुनहरू हुँदाहुँदै पनि यो समस्या अहिलेसम्म कलङ्कका रूपमा रहेको हुनाले यसलाई अझ बढी प्रभावकारी तरिकाबाट सम्बोधन गरिनुपर्दछ । अन्तर्जातीय विवाहलाई प्रोत्साहन दिइनुपर्दछ । त्यस्तै चेलिबेटी बेचबिखनको समस्यालाई हल गर्नका लागि कडाभन्दा कडा कानुन निर्माणका साथै त्यसको कार्यान्वयनमा जोड दिनुपर्दछ । उद्धार गरिएका चेलिबेटीहरूको पुन:स्थापना र उनीहरूको सम्मानजनक जीवनयापनका लागि सीपमूलक तालिम र शिक्षामा विशेष जोड दिनुपर्दछ । यसैगरी पछाडि पारिएका वर्ग तथा अपाङ्गको उत्थानका लागि विशेष कार्यक्रमहरूको सञ्चालनमा जोड दिनुपर्दछ ।

## २.१३ केशरमान रोका, सांसद, नेपाली कांग्रेस

स्थानीयस्तरदेखि कार्यक्रमहरू सञ्चालन गरी यी एजेन्डा ल्याएकोमा प्रो पब्लिकलाई धन्यवाद छ । समावेशी लोकतन्त्रबारे धैरै ठाउँबाट कुरो उठिसकेको छ । आज देशमा सुरक्षाबिनाको शान्ति छ । शान्ति सम्झौताको कार्यान्वयन प्रभावकारी बन्न सकेको छैन । विदेशी मोडलमा भन्दा पनि देशको अवस्थाअनुरूपको मोडेलमा देशलाई ढाल्नु आजको सर्वोपरि आवश्यकता हो । महिलालाई माथि उकास्नका लागि ५० प्रतिशत नै आरक्षणको व्यवस्था गर्नुपर्दछ । जनजातिको वास्तविक पहिचान हुनु जरुरी छ । आरक्षणको व्यवस्था सधैंका लागि होइन निश्चित समयअवधिका लागि हुनुपर्दछ । भूमिको समानुपातिक वितरणमा पनि नक्कली सुकुम्बासीजस्ता तत्त्वहरूले समस्या ल्याउन सक्दछन् । यसप्रति सचेत हुनु जरुरी छ । यार्सागुम्बालगायत दुर्लभ जडिबुटीहरूको संरक्षण र व्यावसायिक उत्पादन गर्नुपर्दछ । नेपाललाई धूम्रपानरहित देश बनाउनुपर्दछ । पूर्व-पश्चिम राजमार्गजस्तै पूर्व-पश्चिम पहाडी राजमार्गको निर्माण गरिनुपर्दछ ।

## २.१४ गणेश गन्धारी, केन्द्रीय सदस्य, गैरसरकारी संस्था महासंघ

यो देशमा धैरै लामो समयदेखि दलितमाथि अन्याय, अत्याचार र शोषण हुँदै आएको छ । अझ पनि दलितमाथि थुप्रै दुर्व्यवहार हुने गरेका छन् । यसो गर्नेलाई शसक्त कारबाही गरिनुपर्दछ । दलित उत्थानका विषयमा राज्यका हरेक अङ्ग क्रियाशील हुनु जरुरी छ र दलितलाई नेतृत्व तहसम्म पुऱ्याउनुपर्दछ ।





## २.१५ लालबाबु पण्डित, सांसद, नेकपा एमाले

एजेन्डा तयार पार्ने कार्य गरेकोमा प्रो पब्लिकलाई धन्यवाद । यहाँ प्रस्तुत एजेन्डालाई प्राथमिकताअनुसार प्रस्तुत गरिएको भए राम्रो हुने थियो । साथै कार्यक्रम सञ्चालन गरिएका ५६ जिल्लाका एजेन्डा पनि समावेश गरेको भए झनै राम्रो हुने थियो । देशको अहिलेको पहिलो र महत्त्वपूर्ण आवश्यकता लोकतान्त्रिक गणतन्त्रमा जानु हो । हालको अवस्थामा राजनीतिक एजेन्डा निर्क्योल नभई अन्य एजेन्डालाई सम्बोधन गर्न गाह्रो छ । आर्थिक सवाललाई निरपेक्ष रूपमा लिनुहुँदैन । काठमाडौंको एक रोपनी जग्गा बराबर तराई वा पहाडको जग्गा कति पर्ने सो कुरा पनि स्पष्ट हुनुपर्दछ । जबसम्म सुकुम्बासीलाई दिइएको जग्गाको बिक्रीवितरण एवं स्वामित्व हस्तान्तरणमा रोक लगाइँदैन तबसम्म सुकुम्बासी समस्याको समाधान हुन सक्दैन । जनसङ्ख्या वृद्धि रोक्ने प्रभावकारी नीति अवलम्बन गरिनुपर्दछ । देशमा विकेन्द्रीकृत विकासको अवधारणा ल्याउनुपर्दछ ।

## २.१६ महेन्द्र बिष्ट, महासचिव, नेपाल पत्रकार महासंघ

प्रस्तुत सबै एजेन्डा एकै किसिमको प्राथमिकताभित्र पर्दैनन् । एजेन्डालाई प्राथमिकीकरण गरी मूल र सहायक एजेन्डमा विभाजन गर्नुपर्दछ । प्रस्तुत राष्ट्रिय एजेन्डामा सञ्चारको कुरा नपर्नु दु:खको कुरा हो । पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति र स्वतन्त्र सञ्चारमाध्यमको प्रवर्द्धन हुनु आवश्यक छ । सरकारी सञ्चारमाध्यमलाई सार्वजनिक सञ्चारका रूपमा रूपान्तरण गर्नुपर्दछ । राष्ट्र निर्माणमा नागरिक समाज र सञ्चार क्षेत्रको संयुक्त भूमिकाको पहिचानका साथै उचित ठाउँ हुनु आवश्यक छ ।

## २.१७ वासुदेव अर्याल, अध्यक्ष, नागरिक समाज, पाल्पा (लुम्बिनी)

प्रो पब्लिकले गाउँस्तरदेखि केन्द्रसम्म यो कार्यक्रम सञ्चालन गरेकामा धन्यावाद दिन चाहन्छु । महत्त्वपूर्ण विषयहरूलाई एकत्रित गरेर नीति निर्मातादेखि कार्यान्वयन पक्षसम्मलाई यसले स्पष्ट दिशानिर्देश गर्न सकेको छ । यो यसको सबैभन्दा सबल पक्ष हो । नेपाललाई नयाँ नेपालमा रूपान्तरण गर्नका लागि सामन्तवादको प्रतिनिधित्व गर्ने राजतन्त्रको अन्त्य गरी राजारहितको नेपाल निर्माण गर्नुपर्दछ । भौगोलिक, क्षेत्रीय, जातीय र लैङ्गिक पक्षको सही प्रतिनिधित्व हुने गरी राज्यको पुन:संरचना गरेर जनतालाई सम्प्रभु र सार्वभौम बनाउनुपर्दछ । व्यवस्थापिकाको सर्वोच्चतालाई र न्यायपालिकाको स्वतन्त्रतालाई सबैले सहयोग र सम्मान गर्नुपर्दछ । अहिले देश दिगो शान्तिको स्थापनार्थ जुटिरहेको अवस्थामा सरकार-माओवादीबीचका सम्झौताहरूको उल्लङ्घन भइरहेको छ । यसलाई दुवै पक्षले सुधार्नुपर्दछ ।

## २.१८ नारायणगोपाल मलेगो, सहसचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

सर्वप्रथम यो कार्यक्रम आयोजना गरेकोमा प्रो पब्लिकलाई धन्यवाद । प्रस्तुत एजेन्डाले सही सम्बोधन हुने मौका पाएमा राष्ट्रमा दिगो शान्ति र समग्र सुधार निश्चित छ । यसमा प्रशासनिक एजेन्डालाई अलग्गै प्रस्तुत गरिएको भए तिनको सम्बोधनमा बढी सहजता हुने थियो । जनताका आकाङ्क्षा

बढेका छन् र तिनलाई सम्बोधन गर्न सक्ने प्रशासनिक ढाँचा, संरचना र नीति निर्माणजस्ता थप एजेन्डा राख्न अनुरोध छ । आजका केही महत्त्वपूर्ण सवालहरूमध्ये चुस्त, दुरुस्त, सवल, जनमुखी र नतिजामुखी प्रशासन संयन्त्र पनि एक हो । यसको प्रत्याभूति जनताले गर्न पाउनुपर्दछ । यसका लागि सरोकारवालाहरू गम्भीर बन्नुपर्ने आवश्यकता छ । यी महत्त्वपूर्ण एजेन्डामा गहन छलफल गर्नका लागि यस्ता कार्यक्रमको अवधि बढाउनुपर्दछ ।

### २.१९ नरबहादुर हमाल, सांसद, नेकपा एमाले

प्रस्तुत एजेन्डा व्यापक छन् । यी विषयमा अलग अलग घण्टौं छलफल गर्न सकिन्छ । संविधानसभाको निर्वाचनको चुनौतीको सामना गर्न यो कार्यक्रमले धेरै सहयोग पुऱ्याउनेछ । समावेश गरिएका एजेन्डा जनताका जनजिब्रो नै हुन् । द्वन्द्वपीडितलाई क्षतिपूर्ति तथा पुन:स्थापनाका एजेन्डालाई महत्त्वका साथ हेरिनु र कार्यान्वयन गरिनुपर्दछ । गणतन्त्र स्थापना नभएसम्म सोचअनुसारको सामाजिक विकास सम्भव छैन । क्रान्तिकारी भूमिसुधार आजको महत्त्वपूर्ण आवश्यकता हो । महिला, दलित, सुकुम्बासी तथा जनजातिको उत्थानका कार्यक्रमहरू पनि आजका त्यत्तिकै महत्त्वपूर्ण आवश्यकताभित्र परेका छन् । भूगोल, जनसङ्ख्या, जाति, भाषा सबै विषयहरूलाई सम्बोधन गरेर अगाडि बढ्नुपर्दछ ।

### २.२० मानबहादुर श्रीपाइली, प्रतिनिधि, दलित महिला संघ

राष्ट्रिय एजेन्डा ल्याई प्रस्तुत गरेकोमा प्रो पब्लिकलाई धन्यवाद । महिला दलितमाथिका शोषणका विरुद्धमा विशेष ध्यान दिनुपर्दछ । आरक्षण शब्दप्रति नै मेरो आपत्ति छ । आरक्षणको सट्टा विशेषअधिकारको व्यवस्था हुनुपर्दछ । संविधानसभाको निर्वाचनका विषयमा राज्य गम्भीर बन्न नसकेको परिस्थिति विद्यमान छ । यसमा सबै सचेत हुनु जरुरी छ । राज्यको पुन:संरचना सही रूपले हुनुपर्दछ । यसो नभएमा फेरि हतियार नउठ्ला भन्न सकिन्न ।

### २.२१ शिवबहादुर देउजा, सांसद, नेकपा एमाले

सर्वप्रथम प्रो पब्लिकलाई धन्यवाद । राजनीतिले सम्पूर्ण पक्षलाइ निर्देश गर्दछ । राजनीतिक दलहरूमा ढाँट्ने र छल्ने प्रवृत्ति व्यापक छ । अहिलेको अवस्थामा गणतन्त्रबाट भाग्न खोज्ने दलहरूलाई नागरिक समाजले तह लगाउन सकेमा देशले नयाँ दिशा लिन सक्छ । पञ्चायतलाई पनि प्रजातन्त्र भनियो । पञ्चायतका प्रवक्ताहरू नै पछि वहुदलीय व्यवस्थाका पनि प्रवक्ता बन्न पुगे । यस्ता किसिमका भुलहरू अबका दिनमा दोहरिनुहुँदैन । निजीकरण संरचना नै बिग्रने गरी गर्नुहुँदैन । काठमाडौंमा रेलमार्ग र हेटौंडा-काठमाडौं सुरुङ मार्गका लागि निजी क्षेत्र आओस् हामी स्वागत गर्दछौं । हुने र नहुनेबीचको दूरी झन्-झन् बढेको छ । यसको अन्त्य गर्नका लागि ठोस





कार्य गर्नुपर्दछ । न्यायिक क्षेत्रका काम कारबाही अत्यन्त सुस्त छन् । यसका लागि न्यायिक क्षेत्रमा व्यापक परिवर्तनको आवश्यकता छ । कर्मचारी अझसम्म पनि राष्ट्रसेवक बन्न सकेका छैनन् । उनीहरूमा हामी जनताका सेवक भन्नेभन्दा पनि हामी जनताका मालिक हौं भन्ने सामन्तवादी संस्कारले जरा गाडेको छ । यी र यस्ता विषयहरूलाई अबका दिनमा व्यापक सुधार गर्दै अगाडि बढ्नुपर्दछ ।

### २.२२ धर्म गौतम, संयोजक, जिल्लास्तरीय नागरिक अनुगमन समिति, इलाम (मेची)

प्रस्तुत एजेन्डामा छलफलबाट खासै नयाँ एजेन्डा आउन सकेनन् । पेस गरिएका एजेन्डामा टीकाटिप्पणी मात्र भए । यी एजेन्डा अब के हुन्छन् ? प्रो पब्लिकले त नीति निर्माण गर्ने निकायमा पेस गर्ने भनेको थियो । राज्यको पुन:संरचनाको विषयमा प्रतिनिधिसभाभित्रै सहमति जुट्न नसकिरहेको अवस्था छ । यसको प्रस्ट स्वरूप र खाकाबारे सांसदज्यूहरूलाई नै थाहा नभएको कुरा सुन्दा दु:ख लाग्यो । जेहोस् समग्र राष्ट्रको प्रतिनिधित्व गरेका यी एजेन्डालाई सम्बन्धित पक्षले आ-आफ्ना ठाउँबाट सम्बोधन गर्न सके राष्ट्रको भविष्य यसैमा सुनिश्चित हुनेछ ।

### २.२३ हरिभक्त तामाङ, अध्यक्ष, नेपाल तामाङ घेदुङ, सिरहा (सगरमाथा)

प्रो पब्लिकलाई धन्यवाद । यहाँ एजेन्डा मात्र प्रस्तुत गरिएको छ । तिनलाई परिभाषित गरिएको छैन । यो समग्र दस्तावेजकै रूपमा आएको भए सुनमा सुगन्ध हुन्थ्यो । अहिलेको अवस्थामा राज्य पुन:संरचनाको सवालमा गम्भीरतापूर्वक सोची निष्कर्षमा पुग्नु महत्त्वपूर्ण विषय हो । उठाइएका एजेन्डा संसद्मा व्यापक छलफल हुनेछन् भन्नेमा मलाइ शङ्का छ । देशलाई माथि उठाउनका लागि स्पष्ट आर्थिक नीति र विकासका पूर्वाधारहरू तयार गरी दीर्घकालीन मार्ग तय गरेर अगाडि बढ्नुपर्दछ । विदेशमुखी अर्थतन्त्रलाई निरुत्साहित गर्नुपर्दछ । असमान सन्धि सम्झौताहरूको खारेजी गर्नुपर्दछ । जलस्रोतको उचित सदुपयोग र जडिबुटीहरूको संरक्षण र विकासमा जोड दिनुपर्दछ । निजीकरणको नाममा विदेशी भित्रिने र उद्योगको नाममा सस्तो जग्गा लिई धितो बढी मूल्याङ्कन गराई बैंक टाट पल्टाउने नीति खारेज गर्नुपर्दछ । जनशक्ति विदेशिने प्रवृत्ति बढेपछि देशको विकास कसरी हुन सक्छ ? यो समस्या समाधान गर्नका लागि आन्तरिक स्रोतको पहिचान गरी रोजगारीका अवसरहरू सिर्जना गरिनुपर्दछ । घोषित राष्ट्रिय जनावर र रङप्रति मेरो आपत्ति छ । राष्ट्रिय जनावर गैंडा र रङ सेतो हुनुपर्दछ ।

### २.२४ जुमकाजी गुरुङ, अध्यक्ष, तमु समाज, स्याङ्जा (गण्डकी)

अन्तरिम संविधानलाई हामीले कालो संविधान भनिसकेका छौं । यसले समग्र आदिवासी, जनजातिहरूको भावनालाई समेट्न सकेको छैन । संविधानसभाको निर्वाचनको सन्दर्भलाई लिएर विभिन्न किसिमका प्रशिक्षणहरू हुनुपऱ्यो । ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फ किन बसाइँसराइँ भइरहेको छ ? यसप्रति

चनाखो भएर यसलाई रोकथाम गर्न अपनाउनुपर्ने उपायहरूको खोजी गर्नुपर्दछ । वातावरण प्रदूषण अहिले समस्याको रूपमा देखापरिसकेको छ, यसतर्फ समयमै सचेत हुनु बुद्धिमानी ठहरिन्छ । नयाँ सवारीसाधनको दर्ता २० वर्षसम्मका लागि रोक्का गरिनुपर्दछ ।

## २.२५ शंकरनाथ शर्मा, सांसद, नेकपा एमाले

प्रस्तुत एजेन्डाका लागि प्रो पब्लिकलाई धन्यवाद । प्रस्तुत एजेन्डामा सबै विषयहरू आइसकेका छन् । यहाँ समाविष्ट एजेन्डाले राष्ट्रिय महत्त्व पाइसकेको अवस्था छ । अहिलेको चासो भनेको यिनको कार्यान्वयन पक्षको हो । एजेन्डा सहरबजार र सदरमुकाममा मात्र सीमित नहोउन् । यिनको प्रभाव गाउँगाउँसम्म पुग्न सक्नुपर्दछ । तबमात्र यी एजेन्डाले समग्र राष्ट्रको निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछन् । आजको सबैभन्दा महत्त्वपूर्ण सवाल भनेको राजतन्त्रको उन्मूलन र गणतन्त्रको स्थापना नै हो ।

## २.२६ कमला पन्त, सांसद, नेपाली कांग्रेस

महत्त्वपूर्ण छलफल कार्यक्रम आयोजना गरेकामा प्रो पब्लिकलाई धन्यवाद । तर संसदीय क्षेत्रको सार्वजनिक संवाद कार्यक्रममा भन्दा यस कार्यक्रममा महिला सहभागिता न्यून रहेको पाइयो । राजनीतिक दलहरूबीच आन्तरिक लोकतन्त्र छैन । यसलाई पनि त्यत्तिकै ध्यान दिनुपर्दछ । यसका लागि सर्वप्रथम हाम्रो मानसिकतामा सकारात्मक परिवर्तनको आवश्यकता छ । राजा राख्ने नराख्ने कुरा संविधानसभाले टुङ्ग्याउला । प्रधानमन्त्री जननिर्णयप्रति प्रतिबद्ध हुनुहुन्छ । विशेषअधिकार र आरक्षणमा भएको भिन्नतामा स्पष्ट भएर मात्र यसको अभ्यास हुनुपर्दछ । यहाँ दलित जातिगत रूपमा भन्दा पनि पछाडि परेका जति सबैलाई उत्थान गरी अगाडि बढाउने कार्यक्रमको आवश्यकता छ । साथै अपाङ्गको सहभागितामा जोड दिनुपर्दछ । कृषि र पर्यटनलाई मूल एजेन्डामा समावेश गराउनुपर्दछ । भौगोलिक एजेन्डामा विज्ञहरूले स्पष्ट पार्नुपर्दछ । व्यवस्थापिका भनेको त त्यसको कार्यान्वयन गर्ने संस्था हो ।

## २.२७ तारासम याङ्या, सांसद, नेकपा एमाले

एजेन्डा प्रस्तुतिका लागि प्रो पब्लिकलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत एजेन्डा समय सान्दर्भिक छन् । यी समग्र एजेन्डाको सही सम्बोधन हुनु जरुरी छ । अहिलेको अवस्थामा राजनीतिक दलहरूबीचको सहमतिको पूर्ण रूपमा पालना हुनुपर्दछ । राज्यको पुन:संरचना गर्दा व्यापक गृहकार्य गरी हिमाल, पहाड र तराईलाई समेट्नुपर्दछ । समानुपातिक निर्वाचन प्रणालीमार्फत देशलाई लोकतान्त्रिक गणतन्त्रमा लगेर यावत समस्याहरूको हल गर्नुपर्दछ । यसका लागि ठूला दलहरूले स्पष्ट धारणा राख्नुपर्दछ । राजाले पटकपटक धोखा दिएका छन् । यस्तो धोखा अबका दिनमा नेपाली जनताले कहिल्यै खेप्नु नपर्ने गरी राजनीतिक टुङ्गो लगाउनुपर्दछ । आर्थिक हदबन्दी र जग्गाको





हदबन्दी मूल्यको आधारमा गर्नुपर्दछ । धनीले कर तिरेर गरिबको विकास गर्नुपर्दछ ।

## २.२८ चन्द्रमणि खराल, सांसद, नेकपा एमाले

एजेन्डा प्रस्तुतिका लागि प्रो पब्लिकलाई धन्यवाद छ । जनतालाई शिक्षा र स्वास्थ्य सेवा दया मायाले दिने होइन । यो राज्यको जिम्मेवारी हुनुपर्दछ । सिँचाइ, मल, बीउ कृषक अधिकारका रूपमा लिनुपर्दछ । वास्तविक सुकुम्बासीहरू पहिचान गरी उनीहरूलाई व्यवस्थित गर्नुपर्दछ । यसको लागि भू-सूचना प्रणाली बलियो बनाउनुपर्दछ । कमैया र हलियाप्रथाजस्तै नवलपरासीमा व्याप्त भोटा प्रथा उन्मूलन गर्नुपर्दछ । छलफलका एजेन्डा धेरै र गहन भएकाले बिस्तृत छलफलका लागि पर्याप्त समयको व्यवस्था गर्नुपर्दछ ।

## २.२९ टुकराज सिग्देल, सांसद, नेकपा एमाले

सर्वप्रथम यस्ता महत्त्वपूर्ण जनताका एजेन्डा प्रस्तुत गरेकामा प्रो पब्लिकलाई धन्यवाद छ । २०४६ सालपछिको बहुदलीय व्यवस्थामा देशमा समानुपातिक विकास हुन नसक्दा मुलुकले एक दशकभन्दा लामो द्वन्द्व खेप्नुपर्‍यो । अबका दिनमा मुलुकमा द्वन्द्व नदोहोरियास् । विकास योजना जनताको आवश्यकताअनुसार सञ्चालन हुनुपर्दछ । बिपन्न बस्तीमा बाटो, विद्यालय, स्वास्थ्य सेवा र खानेपानीको अभाव छ । देशमा दण्डहीनताको स्थिति व्याप्त छ । सानालाई ऐन र ठूलालाई चैनको स्थिति छ र भ्रष्टाचारी, दोषीहरू सफाइ पाइरहेका छन् । यो स्थितिबाट मुलुकलाई निकास दिनुपर्दछ । प्रो पब्लिकजस्ता संस्थाले भ्रष्टाचार, दण्डहीनता र देशको समानुपातिक विकासका लागि सशक्त रूपमा आवाज उठाउनुपर्दछ ।

# ३. शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा

राष्ट्रियस्तरको सार्वजनिक संवाद कार्यक्रमबाट प्राप्त सुझावलाई समेत समावेश गरी शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वका लागि राष्ट्रिय एजेन्डा तयार गरिएको हो । विभिन्न सार्वजनिक संवाद कार्यक्रमबाट प्राप्त जनताका राष्ट्रिय एजेन्डालाई **राजनीतिक, सामाजिक, आर्थिक र भौगोलिक** गरी ४ भागमा बाँडिएको छ । राष्ट्रियस्तरको जनसंवाद कार्यक्रमका क्रममा एजेन्डालाई प्राथमिकीकरण गर्ने सुझाव प्राप्त भए पनि एजेन्डाको प्राथमिकतामा प्रत्येक व्यक्तिको आआफ्नै दृष्टिकोण हुने हुँदा यसलाई जस्ताको तस्तै राखिएको छ । यी एजेन्डा सार्वजनिक संवाद कार्यक्रमका सहभागीहरूले व्यक्त गरेका भावनाअनुसार नै प्रस्तुत गरिएका छन् । यी राष्ट्रिय एजेन्डामध्ये केहीलाई राज्यले सम्बोधन गरिसकेको छ भने केही अझै विचाराधीन छन् । साथै धेरै एजेन्डा अझै सम्बोधन गर्न बाँकी रहेका छन् । यसरी संसदीय क्षेत्रस्तरीय, क्षेत्रीय र राष्ट्रियस्तरको

सार्वजनिक संवादबाट निकालिएका एजेन्डाप्रति समयमै सम्बोधन हुन सकेमा शान्ति, सुधार र लोकतन्त्रको स्थायित्वको अभियानमा योगदान पुग्ने विश्वास गरिएको छ । यी राष्ट्रिय एजेन्डालाई निम्नअनुसार तल प्रस्तुत गरिएको छ–

## ३.१ राजनीतिक एजेन्डा

- राजनीतिक सहमतिहरूको पूर्ण रूपमा पालना
- अन्तरिम संविधानको घोषणा, संविधानसभाको मिति घोषणा
- संसद् विघटन र अन्तरिम सरकारको गठन
- जनसङ्ख्याको आधारमा संसदीय क्षेत्रको निर्धारण, समानुपातिक निर्वाचन प्रणाली
- निष्पक्ष र भयरहित वातावरणमा संविधानसभाको निर्वाचन
- संविधानसभा अगाडि दुवै पक्षको हतियार व्यवस्थापन
- संविधानसभाको निर्वाचनअघि जनगणना र नागरिकता वितरण
- १६ वर्षभन्दा माथिका व्यक्तिलाई मताधिकारको व्यवस्था
- समानुपातिक प्रतिनिधित्व (महिला, दलित, आदिवासी तथा जनजाति...)
- राज्यको पुन:संरचना (जातीय, भौगोलिक, वर्गीय, लैङ्गिक असमानतालाई हल गर्ने हिसावले)
- लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, सङ्घीय तथा प्रान्तीय शासन प्रणाली
- सेनाको लोकतान्त्रीकरण, सेना जनप्रतिनिधिबाट परिचालन
- जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा समाहित
- चन्दा असुली र अपहरणजस्ता कार्यको यथाशीघ्र अन्त्य
- तराई जनतान्त्रिक मुक्ति मोर्चाको विद्रोह समाधान
- द्वन्द्वबाट पीडित र विस्थापितहरूको पुन:स्थापना/उचित क्षतिपूर्ति
- ध्वस्त भएका सम्पूर्ण कार्यालयहरू यथा स्थानमा पुन:स्थापना
- जनयुद्ध तथा जनआन्दोलनमा मारिएका तथा घाइतेहरूलाई क्षतिपूर्ति
- जनआन्दोलनका विरोधीहरूलाई कारबाही
- सहिदको उच्च सम्मान र उनका परिवारको संरक्षण
- राजा र शाही परिवारको सम्पत्तिको राष्ट्रियकरण
- दरबार हत्याकाण्डको निष्पक्ष छानबिन र दोषीलाई सजाय
- स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिका, मानवअधिकारको प्रत्याभूति
- बेपत्ता नागरिकहरूको सार्वजनिकीकरण
- सूचनाको हक, स्वतन्त्र सञ्चार
- भ्रष्टाचारविरुद्ध कडा कानुन



शान्ति र सुधारका लागि राष्ट्रियस्तरको सार्वजनिक संवाद

- प्रशासनिक तथा शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपको अन्त्य
- मूल्यको आधारमा जग्गाको हदबन्दी, भूमिको समानुपातिक वितरण/हदबन्दी
- जसको जोत उसको पोतमा आधारित भूमिनीति
- सुकुम्बासी, मुक्तकमैया र हलिया समस्याको समाधान
- राजनीतिक दलभित्र समावेशी लोकतन्त्र, प्रत्येक पार्टीमा एक व्यक्ति एक पदको अवधारणा
- राजनीतिक दलहरूको आयव्यय विवरण पारदर्शी र वार्षिक लेखापरीक्षण
- जनप्रतिनिधिले गलत कार्य गरेमा फिर्ता बोलाउने व्यवस्था
- विकास निर्माणमा राजनीतिक पूर्वाग्रहको अन्त्य
- सर्वपक्षीय सहमतिमा स्थानीय निकायहरूको सञ्चालन
- महिला, दलित जनजाति, अपाङ्गहरू र अति पिछडिएका वर्गहरूका लागि आरक्षण
- महिलाका लागि ३३% आरक्षण नभई विशेषाधिकार
- नीति निर्माण तहमा महिलालाई ५०% स्थान जसमा दलित, जनजाति र अन्य क्षेत्रका महिलाको प्रतिनिधित्वको सुनिश्चितता
- स्पष्ट विदेश नीति
- खुला सिमानाको उचित व्यवस्थापन, भारतबाट सीमा अतिक्रमण
- भारतसँग भएका असमान सन्धि/सम्झौताहरूको खारेजी

## ३.२ सामाजिक एजेन्डा

- सामाजिक सुरक्षा
- शिक्षा, स्वास्थ्य तथा अन्य मानवीय आधारभूत आवश्यकताहरूमा राज्यको जिम्मेवारी
- खानेपानी, स्वास्थ्य, सञ्चार, विद्युत् आदिको समानुपातिक वितरण
- धर्म, जातीय, लैङ्गिक तथा सामाजिक विभेदको अन्त्य
- सामाजिक दुर्व्यवहार, घरेलु हिंसा, जुवातास र लागूपदार्थ सेवनको व्यावहारिक अन्त्य
- दाइजो, चेलीको धन खाने, जारी र बालविवाहजस्ता कुप्रथाहरूको व्यावहारिक अन्त्य
- छुवाछूत, छाउपडी, अनमेल विवाह, बहुविवाह, बोक्सी, धामीझाँक्रीजस्ता कुरीति/अन्धविश्वासको व्यावहारिक अन्त्य
- दलित, कमैया, हलिया, कमलहरी र वादी समुदायमाथिको शोषणको व्यावहारिक अन्त्य
- अनाथ, सडक बालबालिका, अपाङ्ग, दृष्टिविहीन, वृद्धवृद्धा र एकल महिलाहरूलाई विशेष व्यवस्था/सम्मानपूर्वक जिउने वातावरण
- धर्म, भाषा, भेषभुषा र जातीय संस्कृतिको संरक्षण तथा संवर्द्धन
- अल्पसङ्ख्यक, आदिवासी र जनजातिको लिपि, भाषा, धर्म र संस्कृतिको संरक्षण र विकास

- सबै जातजातिको मुख्य चाडपर्वमा सार्वजनिक विदा
- एकल महिला (विधवा, बालविधवा) लाई अंश, पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार
- एकै किसिमको शिक्षा, सर्वसुलभ शिक्षा
- वैज्ञानिक, प्राविधिक र व्यावसायिक अनिवार्य शिक्षा
- विपन्न, दलित, जनजाति तथा पछाडि पारिएका वर्गका लागि नि:शुल्क शिक्षा
- मातृभाषामा प्राथमिक शिक्षा, कक्षा १० सम्म नि:शुल्क शिक्षा
- कृषि विश्वविद्यालयको स्थापना, सबै विकास क्षेत्रमा विश्वविद्यालयको स्थापना
- सामाजिक अपराध नियन्त्रणको प्रभावकारी व्यवस्था, जनताले काम गरेर ढुक्कसँग खाने र बस्ने वातावरण
- मानव/मानव अङ्ग बेचबिखनको अन्त्य
- बालश्रम शोषणको व्यावहारिक अन्त्य
- १६ वर्षमुनिका बालबालिकालाई चुरोट, खैनी र रक्सी खरिदबिक्रीमा रोक
- एचआईभी/एड्स/यौन रोग आदिबारे प्रभावकारी नीति
- खुला सिमानाका कारण हुने चोरी, डकैती र अन्य अपराधको नियन्त्रण
- बाढी, पहिरो, नदी कटान र डुबानमा परेका ठाउहरूको सुरक्षा
- कंक्रिट चिहानको व्यवस्थापन
- वातावरण संरक्षण
- मन्दिर/गुठीमा पुर्ख्यौली प्रवृत्तिको अन्त्य
- अव्यवस्थित सहरीकरण/बसोवास

### ३.३ आर्थिक एजेन्डा

- आर्थिक विभेदको अन्त्यका लागि स्पष्ट आर्थिक नीति
- आर्थिक पारदर्शिता
- निजीकरणको अन्त्य
- उदार अर्थतन्त्र
- समाजवादी अर्थ व्यवस्था
- गरिबीको रेखामुनिका जनतालाई आर्थिक आरक्षण
- सम्पत्तिमा हदबन्दी
- प्रगतिशील कर प्रणाली
- पारदर्शी कर प्रणाली
- निजी क्षेत्रलाई प्रोत्साहन





- सहज र व्यवस्थित वैदेशिक रोजगार
- वैदेशिक रोजगारका अवसरहरूको समानुपातिक वितरण
- देशको जनशक्तिलाई विदेसिनुबाट रोक्ने वातावरण
- समान कामको समान ज्याला
- आधुनिक कृषि प्रणाली र सिँचाइको विकास
- चरन क्षेत्रको विकास
- मिल्क होलिडेको अन्त्य
- कृषि उत्पादनको भण्डारण, प्रशोधन, बजार व्यवस्थापन र उचित मूल्य
- कृषि सामग्रीको समयमा र सहुलियत दरमा उपलब्धता
- वित्तीय संस्थाको विकेन्द्रीकरण तथा विस्तार
- ग्रामीण ऋण तथा बचत सहकारी संस्थालाई प्राथमिकता
- सस्तो र सुलभ ऋण
- घरेलु उद्योगलाई विशेष सुविधा
- उद्योगमा गरिएको लगानीको सुरक्षा
- औद्योगीकरण र कृषिमा आधारित उद्योग, उद्योगधन्दामा स्थानीय व्यक्तिलाई रोजगारी, मजदुरहरूको ज्याला वृद्धि र जीवन बिमा
- औद्योगिक प्रदूषणको नियन्त्रण
- गरिब तथा पछाडि पारिएका वर्गहरूलाई आय आर्जन/सीपमूलक तालिम र रोजगारी
- विश्व व्यापार संगठनबाट विपन्न वर्गमा पर्ने प्रभावको न्यूनीकरण
- गाउँमुखी र समानुपातिक बजेट वितरण प्रणाली
- आयस्रोतको ५०% रकम सोही क्षेत्रमा लगानी
- स्रोत र साधनको न्यायोचित वितरण
- प्राकृतिक स्रोत र साधनको संरक्षण, समानुपातिक वितरण र प्रयोग
- वन संरक्षण
- जैविक विविधताको संरक्षण
- जडिबुटीको पहिचान, संरक्षण र सदुपयोग
- भौतिक पूर्वाधारहरूको विकास (बाटो, विद्युत्, पानी आदि)
- सडक/कृषि सडक/यातायातको विकासमा प्राथमिकता
- थप अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण
- सञ्चारमा व्यापक लगानी

- जलस्रोतको सदुपयोग (विद्युत्, सिँचाइ), ग्रामीण विद्युतीकरण
- धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको संरक्षण र विकास
- भन्सार चोरी निकासी नियन्त्रण
- सिन्डिकेट प्रणालीको अन्त्य
- कालो बजारी गर्नेलाई कडा कारबाही
- असमान व्यापारिक सन्धि/सम्झौताको खारेजी

### ३.४ भौगोलिक एजेन्डा

- भौगोलिक आधारमा राज्यको पुन:संरचना
- जिल्ला, क्षेत्र, नगर र गाविसजस्ता इकाईहरूको पायक पर्ने गरी पुन:संरचना
- भौगोलिक बनावटका आधारमा निर्वाचन क्षेत्र र मतदान केन्द्रहरू निर्धारण
- भौगोलिक विकटताका आधारमा विकास/निर्माणमा प्राथमिकता
- भौगोलिक रूपमा पिछडिएका क्षेत्रको संरक्षण र विकास
- भौगोलिक संरचनाअनुसार कृषि प्रणालीको विकास
- भौगोलिक रूपले विकट क्षेत्रहरूमा सडक/राजमार्गसँग जोड्ने सडक निर्माण
- सीमा अतिक्रमण रोक्न प्रभावकारी सीमा व्यवस्थापन
- राज्यको सिमानाहरूबारे स्पष्ट धारणा ।

## ४. धन्यवाद मन्तव्य

कार्यक्रमको अन्तमा प्रो पब्लिकका अध्यक्ष तथा कार्यक्रमका सभापति डा. श्रीकृष्ण श्रेष्ठले प्रो पब्लिकको आमन्त्रणलाई स्विकार गरी कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित भई कार्यक्रमको समुद्घाटन गर्नुका साथै सारगर्भित मन्तव्य व्यक्त गर्नुभएकोमा सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै माननीय सांसदज्यूहरू, सरकारी उच्चपदस्थ पदाधिकारीज्यूहरू, नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू एवं पत्रकारहरूलाई कार्यक्रममा सक्रिय रूपमा सहभागी भई आफ्नो अमूल्य समय, राय तथा सुझावहरू प्रदान गर्नुभएकोमा धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभयो ।



# अनुसूचीहरू